## नयाँ नेपाल : एसिया र विश्वमा यसको स्थान



क. सीपी मैनाली....सातौं पृष्ठमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

वर्ष ७ अंक ३५, २०७५ साल पुस १३ गते शुक्रबार, नेपाल संवत् ११३९ (Dec. 28, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## आज प्रधानन्यायाधीशको लागि सुनुवाई

काठमाडौं । प्रधान न्यायाधीश नियुक्तिको विषयले अचेल सबैको ध्यान तान्ने गरेको छ । सर्वोच्च अदालतको कमान्ड समाउने व्यक्ति स्वच्छ, इमानदार, नैतिकवान र कानुनको ज्ञाता होस् भन्ने कामना सबैको रहेको हुन्छ । तर सर्वोच्चको प्रधानन्यायाधीश जस्तो अति सम्मानित पदको प्रतिस्पर्धामा रहेका व्यक्तिहरुको बारेमा भने प्रश्न उठ्ने गरेको छ । अहिले प्रधान न्यायाधीशमा चोलेन्द्रशमशेर बाँकी ८ पेजमा

# अमेरिकी रणनीतिक स्वार्थमा नेपाल सामेल ?

काठमाडौं । परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीको हालैको वाशिंगटन भ्रमणले नेपालको कुटनीतिक तहमा तरंग पाउनुका साथै दुई छिमेकी मुलुक चीन र भारतलाई समेत सशंकित बनाएको छ । अमेरिकी विदेश मन्त्री माइकल रिचर्ड पोम्पिओसँग भेटेर काठमाडौं फर्किएपछि उनले अमेरिकासँगको सम्बन्ध इतिहासकै नयाँ उचाइमा पुगेको दाबी समेत गरेका छन् । अब अमेरिकाले अर्को देशको चस्माबाट नभई सिधै नेपाललाई हेर्ने ज्ञवालीको अभिव्यक्ति निकै अर्थपूर्ण छ । ज्ञवालीले अमेरिकी समकक्षीबाट न्यानो आतिथ्य पाउनुमा नेपालको भूसामरिक अवस्थिति र बदलिंदो विश्व राजनीति नै प्रमुख कारण हो । त्यसमा अमेरिकाको आर्थिक स्वार्थ समेत गाँसिएको छ । किनकि नेपालले अमेरिकासँग नेपाली सेनाका लागि हतियार खरिद गर्ने प्रक्रियासमेत अगाडि बढाएको छ ।

अमेरिका र उसका सहयोगी देशहरुसँग हतियार खरिद गर्ने मात्र होइन, उत्तर कोरियाको विषयमा साझा धारणा बनाउने र इन्डो प्यासिफिक सुरक्षा रणनीतिमा नेपाल सहभागी हुने विषय निकै गम्भीर छन् । अमेरिकी क्षेत्रीय सुरक्षा रणनीतिमा नेपालको सहभागिताको विषयमाथि चीन र भारत दुवैले गहिरो चासो देखाएका छन् । यद्यपि यी दुवै छिमेकीले कुनै कूटनीतिक टिप्पणी भने गरिहालेका छैनन् । अमेरिकासँगको कूटनीतिक सम्बन्ध प्रगाढ हुनु र नेपालको समृद्धिमा अमेरिकी सहयोग प्राप्त हुनु सुखद पक्ष हुन् भने अमेरिकी क्षेत्रीय सामरिक रणनीतिमा नेपालको सहकार्यले चीन र भारतसँगको कूटनीतिक सम्बन्धमा भने चिसोपन आउने सम्भावना त्यत्तिकै बढेको छ ।

५ माघ ०५८ मा अमेरिकाका तत्कालीन विदेशमन्त्री कोलिन पावेलले नेपालको औपचारिक भ्रमण गरेका थिए । पेन्टागन र ट्विनटावरमा ओसामा विन लादेन नेतृत्वको समूह अलकायदाले गरेको आक्रमणपछि अफगानिस्तानमा हमला गर्न तयार रहेको अमेरिकाले विश्वमत जुटाउन नेपाल पठाएको थियो । पावेलको नेपाल भ्रमणको तीन महिनापछि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा २३-२५ वैशाख २०६९ मा वाशिंगटन डिसी



पुगेका थिए । त्यसबेला उनले तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुसलाई भेटेर नेपालमा युद्धरत माओवादीविरुद्ध अप्रेसनमा सैन्य सहयोगको याचना गरेका थिए । तर अमेरिकी दस्तावेजमा देउवाको भ्रमणलाई निजी भ्रमण उल्लेख गरेको पाइन्छ । सत्र वर्षपछि ३ पुसमा नेपाल र अमेरिकाबीच परराष्ट्र मन्त्रीस्तरीय औपचारिक वार्ता भएको छ ।

सरकारले यस वर्ष नेपाली सेनालाई ६ अर्ब ९० करोड रुपैयाँ बराबरका हतियार खरिद गर्ने निर्णय गरेको छ । अमेरिकासँग १० हजार यान एम-१६ तथा अन्य हतियार र गोलीगठ्ठा खरिद प्रक्रिया अघि बढेको छ । त्यस्तै अमेरिकी गठबन्धनको सहयोगी यहुदी राष्ट्र इजरायलबाट ६ हजार ४ सय ९२ थान हतियार किनिँदैछ । हतियार खरिद बापत नेपालले इजरायललाई ३ अर्ब ४५ करोड ४ लाख रुपैयाँ र अमेरिकालाई २ अर्ब ९० करोड ४१ लाख रुपैयाँ बुझाउँदैछ । अमेरिकाबाट सेनाका लागि चारवटा स्काइट्रक पनि खरिद गर्ने तयारी भइरहेको छ । दुवै सरकारबीचको छलफल अनुसार जहाज खरिद हुन लागेको पृष्ठभूमिमा परराष्ट्र मन्त्री ज्ञवालीले अमेरिका भ्रमण गरेका हुन् ।

परराष्ट्र मन्त्रीको भ्रमणका बेला अमेरिकी अधिकारीको वक्तव्य र विज्ञप्तिबारे बेइजिङले कुनै प्रतिक्रिया दिएको छैन । नेपाल चीन द्विपक्षीय परामर्श संयन्त्रको बैठकमा भाग लिन चीन गएका परराष्ट्र सचिव शंकरदास वैरागी उतैबाट परराष्ट्र मन्त्रीको भ्रमणमा सामेल हुन अमेरिका पुगेका थिए । नेपाली परराष्ट्र मन्त्रीको अमेरिका भ्रमणका क्रममा उत्तर कोरियाको प्रसंगमा समेत छलफल भएको र इन्डो प्यासेफिक ओसलमा अमेरिकी रणनीतिमा नेपाल सामेल हुने विषयले भने चीन सतर्क भएको देखिएको छ ।

अमेरिकाले हिन्ददेखि प्रशान्त महासागर क्षेत्रमा पनि चासो बढाइरहेको छ । यो क्षेत्रका विशेषतः भारत, चीन, भियतनाम, उत्तर कोरियामा अमेरिकाको चासो छ । इन्डोप्यासेफिक (हिन्द प्रशान्त क्षेत्र) का देशसँग सुरक्षा मामिलामा सम्बन्ध विस्तार गर्न अमेरिकाले सन् २०१८ मा करिब ३० करोड डलर छुट्याएको छ । जसमा २९ करोड ५ लाख डलर सैन्य क्षेत्रमा अनुदानस्वरुप खर्च हुनेछ । ८५ लाख डलर लागू पदार्थविरुद्ध कानुन कार्यान्वयनका लागि छुट्याइएको छ । सुरक्षा सहायता अन्तर्गत नेपाल, बंगलादेश, इन्डोनेसिया, श्रीलंका, फिलिपिन्स, भियतनाममा सञ्चालित परियोजनामा लगानी गर्ने अमेरिकी नीति छ । अमेरिकी सामरिक रणनीतिमा नेपालको असंलग्न छवि बदल्न सक्ने यस्तो संवेदनशील विषयमा परराष्ट्र मन्त्री ज्ञवालीले अमेरिका उड्नुअघि कूटनीतिक विज्ञहरुसँग कुनै छलफल समेत गरेनन् । बाँकी ८ पेजमा

## चोरलाई चौतारो साधुलाई सुली

काठमाडौं । कर्मचारी प्रशासनमा अहिले अचम्मका गतिविधि देखिन थालेका छन् । सरकारका मन्त्रीहरु बारम्बार भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गर्ने भन्न छोड्दैनन् तर भ्रष्टाचार विरोधी अभियानमा संलग्न स्वच्छ छविका कर्मचारीलाई दण्डित गर्ने काम गरिरहेका छन् । भ्रष्टाचार र घूस विरोधी राष्ट्रसेवक कर्मचारीको छवि बनाएका श्रम तथा रोजगार कार्यालय मोरङका प्रमुख उपसचिव प्रेमप्रसाद सञ्जेलको अढाई महिनामै सरुवा गरिएको छ । सञ्जेललाई इटहरीस्थित सीप विकास कार्यालयमा सरुवा गरिएको हो ।

उपसचिव प्रेम सञ्जेल इमानदार कर्मचारीको रुपमा चिनिन्थे । उनले शान्ति मन्त्रालय र निर्वाचन आयोग अन्तर्गतका कार्यालयहरुमा इमानदारितापूर्वक काम गरेर आफ्नो कार्य क्षमता र



इमानदारिताको पहिचान दिइसकेका छन । विराटनगरस्थित श्रम कार्यालयमा हाजिर भएदेखि नै सञ्जेलले सरकारले मजदुरहरुको हितमा ल्याएको योगदानमा आधारित पेन्सन र मजदुरलाई थप गरिएका सुविधाहरु कार्यान्वयन गर्न अहोरात्र खटेर काम गरिरहेका थिए । श्रम ऐन २०७४ लाई पूर्ण रुपमा कार्यान्वयन गराउन सक्रिय भइरहेकै अवस्थामा उनीविरुद्ध सरकार निकटका उद्योगी व्यवसायीहरु खनिन थालेका थिए । सञ्जेलको कार्यकुशलताबाट आत्तिएका सरकार निकट व्यवसायीको प्रभावमा परेर सञ्जेलको अढाई महिनामै सरुवा गरियो । सञ्जेलले पत्रकार सम्मेलन गरी आफ्नो सरुवा बदनियतपूर्ण ढंगले गरिएको बताएका छन् । उनले प्रधानमन्त्री, मुख्य सचिवदेखि आफ्नो मन्त्रालयका सचिवसम्मलाई चुनौती दिँदै सरुवा नसच्याए आफू जस्तोसुकै कदम चाल्न तयार रहेको बताएका छन् ।

आफ्नो कार्यकक्षको टेबुल र कार्यालयका भित्तामा समेत 'हामी घूस खाँदैनौं दिन आउनुभएको हो भने अप्ठेरोमा परिएलानी' भन्ने नारा लेखेर टाँस्ने सञ्जेलले आफूसँग साइकिलसम्म नभएको तर मातहतका कर्मचारीसँग कार कहाँदेखि आयो भन्दै प्रश्न गरेका छन् । सञ्जेलले भ्रष्टाचार र घूस विरोधी आफूलाई 'रोजगारदाता, ट्रेड युनियनका नेता, कार्यालयका बाँकी ८ पेजमा


## ढालियो गान्धीको सालिक



काठमाडौं । पूर्व अमेरिकी राष्ट्रपति अब्राहम लिंकनले भनेका थिए- 'सबैलाई केही समयका लागि मूर्ख बनाउन सकिन्छ, केहीलाई सधैंका लागि मूर्ख बनाउन सकिन्छ तर सबैलाई सधैंका लागि मूर्ख बनाउन सकिँदैन ।' भारतीय राज्य सत्ताले मोहनचन्द करम चन्द गान्धीको देवत्वकरण गर्दै महात्मा गान्धी बनाएर बीसौं शताब्दीका बुद्ध बनाउने जुन हर्कत गर्दै आइरहेको थियो, त्यसमाथि अफ्रिकी मुलुक घानाका शिक्षित युवाहरुले तातो भुतभुते खन्याई दिएका छन् । घाना विश्वविद्यालयको प्रांगणमा ठडिएको गान्धीको सालिक हालै ढालिएको छ । अनुसन्धानात्मक तथ्यले गान्धी जातिवादी भएको ठहर गर्दै उनको सालिक ढालिएको समाचारहरु सार्वजनिक भएका छन् ।

गान्धीले दक्षिण अफ्रिकामा गएर वकालती पेसा गरेका थिए । आफू करिब चालीस वर्ष पुग्न लाग्दा गान्धी भारत फर्किएर ब्रिटिस उपनिशेषवाद विरुद्धको आन्दोलनको नेतृत्व गरेका थिए । गान्धीलाई नाथुराम गोड्सेले गोली ठोकेर हत्या गरेको सात दशक पुगेको छ । गान्धीको १५० औं जन्मजयन्तीको अवसरकै वरपर घानामा उनको सालिक ढालिएको छ । दक्षिण अफ्रिकाका अनुसन्धानकर्ताहरुले गान्धीको जीवनको लुकाइएको पाटोको पर्दाफास गर्दै उनी काला जातिले बाँकी ८ पेजमा

## हिरो हुनु त यस्तो



काठमाडौं । मानिस जति धनि बन्छ, त्यति लोभी बन्दै जान्छ भन्ने भनाइ पछिल्ला समयमा गलत सावित हुँदै गएका छन् । धेरै मानिसमा यो भनाइ लागू हुन सक्ला तर सबै मानिस उस्तै हुँदैनन् । कमाएको सम्पत्तिले अरुको सेवा र कल्याण गर्ने मनोभावनाले कतिपय मानिसलाई देश र जातिको घेराभन्दा बाहिर पुऱ्याएर अन्तर्राष्ट्रिय बनाएको छ ।

बिल गेट्स, मार्क जुकर वर्गले आर्थिक अनुदान दिएर विश्व मानव कल्याणमा आफ्नो चासो प्रकट गर्दै आएका छन् । त्यही पंक्तिमा लामबद्ध भएका छन् अहिले प्रसिद्ध हलिउड नायक लियोनार्दो डिकाप्रिया । 'टाइटानिक, द रेभेनेन्ट जस्ता बाँकी ८ पेजमा

## बिग बासमा सन्दिपको सनसनी



काठमाडौं । नेपाली राष्ट्रिय टोलीका युवा लेग स्पिनर सन्दिप लामिछानेले अष्ट्रेलियाको बिग बासमा मेलबर्न स्टार्सबाट लगातार तेस्रो खेलमा आफ्नो प्रभाव जमाउँदै सर्वाधिक विकेट लिने खेलाडी बनेका छन् । उनले सिक्सविरुद्धको तेस्रा ओभरको अन्तिम बलमा टोम कुरानलाई पवेलियन फर्काएका हुन् । चार ओभर बलिङ गरेका सन्दिपले १८ रन खर्चेर २ विकेट लिएका छन् । पहिलो ओभरमा ४ रन खर्चेका उनले दोस्रो ओभरमा पनि ४ रनमात्रै खर्चेर एक विकेट लिएका थिए भने तेस्रो ओभरमा ३ रन खर्चेर एक विकेट लिए । योसँगै सन्दीपको बिग बास लिगमा विकेट संख्या ७ पुगेको छ भने ७१ रन खर्चिएका छन् । त्यस्तै ड्यानीयल साम र जासन बेरेन्डफले समान ६-६ विकेट लिएका छन् ।

## सम्झौता सम्पन्न

काठमाडैं । यही पुष ६ गते शुक्रबार सुरेन्द्र ढकाल प्रतिष्ठान र अवला उपकार समिति सिरहा जिल्ला सुन्दरपुर लहान ४ बीच एक सम्झौता सम्पन्न भएको छ । जसअनुरुप प्रतिष्ठानले समितिलाई दुई लाख रुपैयाँको सहयोग गर्ने भएको छ । यस सहयोगमा समितिले आफ्नो तर्फबाट दुई लाख पचास हजार राखी कुल चार लाख पचास हजारको लागतमा ८ वटा गाईपालन व्यवसाय शुरु गर्ने र त्यसबाट आएको नाफाले असहाय वृद्धवृद्धाका लागि आश्रम संचालन गर्ने बाँकी ८ पेजमा



समय-सन्दर्भ

## हाम्रै हुँ भन्ने तर बानी नराम्रा मठाधीशहरु

**जगदीशप्रसाद लामिछाने**



१. पुरानै जमानामा पनि कार्यालय प्रमुखले एक जना दामकामे राख्न पाउँथे भनौं उनी अहिलेका कोषाध्यक्ष नै भए । अचेलको कुरो अर्कै छ- लेखा सेवा नै आर्थिक भनी राखिएको छ । त्यति मात्र नभएर त्योभन्दा माथि महालेखा परीक्षकको विभाग नै छ । यसरी आर्थिक नियमितता गर्दागर्दै पनि विशेष गरेर आर्थिक अपराध बढ्दो छ । कोष तथा लेखा नियन्त्रक आदि कार्यालय छँदैछन् तैपनि भ्रष्टाचारी हाकिम र कारिन्दा जतातते बढिरहन दिनु भएन भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्तो कार्यालय नै गठन भई अनियमित सम्पत्तिबाट अशुद्ध भएकाहरुलाई शुद्धिकरणको चेतना जगाउन नै संसारभर अभियान चलिरहेको हुनुपर्छ । यस्तै रातो कालो डाँका चोरी अरु किसिमका अनाचार गरी धन कमाउनेहरुबाट पनि पीडित छौं । यी सबैलाई अर्थ स्वार्थिक मठाधीश नै भन्नुपर्छ किनभने धन नभई पनि भएन । त्यही धनको मुख रातो भयो भने जनता नै पीडित हुनुपर्छ । यस्तै हो अर्थस्वार्थी मुनाफाखोरको कथा पनि । यी सबै अनैतिक मठाधीशहरुबाट सबैलाई पीडा परेकै छ ।

२. वास्तवमा म ज्ञानी भनी कसैले घमण्ड गर्नुहुन्छ भने उहाँको ज्ञानबाट मलाई फाइदा भएको खोई ? यसैले मैले पाएको मात्र ज्ञानको महत्व हुने नै भयो । व्यर्थको अहंले फाइदा गर्दैन । शिक्षाका प्रमाणपत्र धारीले र ठूलै दर्जाको बिल्ला लगाएँ भनी धाक लगाउनु पनि बेथिति नै होइन र ? झन् दल विशेषको धाक देखाउने मठाधीशले झन् बुद्धि पुऱ्याएर परिणाम विचार गर्नु नै पर्छ । विरोधको निम्ति विरोध गर्नु भएन । बरु परिलगाई सम्झाउनु मात्र पर्छ भनी म सर्वसाधारणले भन्न पाउनैपर्छ । यी सबै कुरामा पीडा र दुःख त हुनै भएन । केही गरी पीडामै परियो भने तपाईं कुनै पनि व्यक्तिलाई मैले मठाधीश भन्नैपर्ने भयो होइन र ?

३. अब जाउँ धर्मको विषयमा यही संसारको हिमालयमा कैलाश पर्वतमा हिन्दू, बौद्ध, शिख र जैन धार्मिकले आराधना गर्छन् र हिमवतखण्ड नेपालको बाँच्ने सहारा पनि यही हो । यो संसारमै इस्लाम धर्मले बल प्रयोग गरेको इतिहास पनि छ । इसाई धर्ममा अहिले द्रव्य अथवा धन पैसाको बाहुल्यता देखाइँदैछ । जापानमा सिन्तो धर्म पनि छ भनिन्छ । संसारमा शान्ति नै चाहिने भए इस्लामले अघि सारेको बल प्रयोग र अहिले धेरै नै ढिपीले संसारको दुःख बढेको हेर्नैपर्छ । यसरी इसाईले द्रव्य र मुसाईले ढिपी अथवा बल छोडियो भने अवश्य शान्ति बढ्ने नै छ । अहिलेको धेरै दुःख दिने विद्या हट्ने नै छ । इसाईहरुले धनको धाक देखाई धर्म हुँदैन भन्नैपर्ने भएको छ अनि आर्य धर्मावलम्बी हिमवतखण्डमा शालीन भएर आफ्नो आर्यधर्म गर्दा खिसी ट्युरी त हुनै भएन अनि मात्र एक धर्मबाट अरु धर्मका अनुयायीले यो संसारमा शान्तिसँग बाँच्न पाउने छन् । नत्र एक धर्मकाले अर्को धर्म मान्नेलाई धार्मिक मठाधीश भन्नेछन् । यस्तो नहोओस् । अहिले नेपाली प्रधानमन्त्री केपी ओली र उनकै दलका माधवकुमार नेपालको ठूलो आलोचना भएको पनि इसाई स्वागत गऱ्यो भनेर नै हो ।

(४) वर्तमान कालमा कुनै पनि देशको उन्नतिमा विदेशी सेना घातक रहन्छ वा त्यही विदेशी नेतृत्वमा रहन्छन् भन्ने कुरा अणुबम फालिएको जापान र दक्षिण कोरिया एकातिर राखेर तथा अहिल बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# भ्रष्टहरूको रजाइँ सर्वत्र

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले २८ औं वार्षिक प्रतिवेदन सोमबार राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष बुझाएको छ । प्रमुख आयुक्तले राष्ट्रपतिसमक्ष २ सय सतचालीस पृष्ठ लामो प्रतिवेदन बुझाउँदै अख्तियारले २०७४।७५ मा सम्पादन गरेको कार्य विवरण जानकारी गराएका छन् । प्रतिवेदनबारे अख्तियारले पत्रकार सम्मेलन गरी प्रेसलाई जानकारी गराएको छ । अख्तियारमा सबैभन्दा बढी उजुरी अर्थात् ३ हजार ५ सय सत्तरी शिक्षासँग सम्बन्धित निकायका उजुरी परेका छन् । उक्त आर्थिक वर्षमा २२ मन्त्रालयअन्तर्गत २० हजार उजुरी परेकोमा शिक्षाले सबैलाई उछिनेको छ । अख्तियारले अनुसन्धान गरी विशेष अदालतमा दायर गरेका भ्रष्टाचारका मुद्दामध्ये ६७.८२ प्रतिशतमा सफलता प्राप्त गरेको छ भने ३२.१८ प्रतिशत मुद्दामा अदालतले अख्तियारको दाबीलाई असफल बनाएको छ । अख्तियारले गत वर्ष बुझाएका १ सय ७४ मुद्दामा विशेष अदालतले फैसला गरेको थियो । भ्रष्टाचार मुद्दामा बढिरहेको आयोगको असफलता अनुसन्धानमा कमजोरी हो या अदालतले भ्रष्टाचारी चोख्याउने प्रवृत्तिलाई बढावा दिएको हो यसबारे गम्भीर प्रश्न उठिरहेको छ ।

शिक्षा मन्त्रालयपछि संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतका निकायमा बढी भ्रष्टाचार भएको अख्तियारको तथ्यांकले देखाएको छ । संघीय मामिलापछि भूमिसुधार रहेको छ भने सबैजसो मन्त्रालय मातहत भ्रष्टाचार हुने गरेको प्रतिवेदनमा देखिएको छ । अख्तियारले सेवाग्राहीसँग घूस लिँदा लिँदा ९७ जनालाई रंगेहात कारबाही समेत गरेको थियो । यसैगरी अख्तियारले फैसला कार्यान्वयन गर्दै १६ करोड १३ लाख १३ हजार १ सय ७९ रूपैयाँ उक्त आवमा असुल गरेको छ । ४ सय १० बिघा १३ कठ्ठा १२ धुर तराईमा र पहाडमा ५३ रोपनी ३ आना जग्गा सरकारको नाममा कायम गराएको छ ।

निश्चय पनि अख्तियारका गतिविधि र कारबाहीले भ्रष्टाचारको पारो ओराल्ने काममा महत्वपूर्ण योगदान पुऱ्याएको छ । यति हुँदाहुँदै पनि भ्रष्टाचारीहरूको मनोबल कमजोर भएको छैन । जनताको प्रत्यक्ष सरोकार रहने अड्डाहरूमा खुलमखुला भ्रष्टाचार भइरहेको छ । प्रहरी प्रशासन सेनादेखि लिएर अदालतसम्म चोखो छैन । अहिले सिंहदरबारको शासन गाउँघरमा पुऱ्याउने स्थानीय तहहरू समेत भ्रष्टाचर र अनियमितताका अखडा बनेका छन् । स्थानीय तहका जनप्रतिनिधिहरू आफैं ठेकेदार बनेर बजेटमा रजाइँ गरिरहेका छन् । जनताको सेवासुविधा बढाउनेभन्दा जनता चुसेर मोटाउने प्रवृत्ति स्थानीय तहमा देखिएको छ ।


भ्रष्टाचारको अखडाका रूपमा रहेका भूमिसुधार, नापी, मालपोत, यातायात जस्ता अड्डाहरूका कर्मचारी अहिले पनि अनियमितताको दौडमा अगाडि छन् । राज्यको कर्मचारी प्रशासन भ्रष्टाचारको अखडा बनेपछि मुलुकको विकास र जनताको सेवा टाढाको विषय बन्ने नै भयो । तल्लो तहमा जनतालाई प्रत्यक्ष चुस्ने जुका जस्ता भ्रष्टहरू बसेका छन् भने माथिल्लो तहमा नीतिगत भ्रष्टाचार गरी राष्ट्र लुट्ने हुँडारको जत्था हावी भएको छ ।


अख्तियारले कारबाहीको डण्डा सानातिनामाथि मात्र चलाएको र ठूला माछा जालमा पार्न नसकेको गुनासो उत्तिकै रहेको छ । माथिल्लो तहमा बसेर करोडौं भ्रष्टाचार गर्नेहरू खुलमखुला हिँडिरहेका छन् । अख्तियारको आँखा भर्खरै चर्चामा रहेको नेपाल वायु सेवा निगमको साढे ६ अर्ब भ्रष्टाचारको छानबिनतर्फ पनि लाग्नु पऱ्यो । त्यसैगरी मुलुकमा गणतन्त्र आए पनि सेनाभित्रको भ्रष्टाचार र अदालतको भ्रष्टाचार हेर्ने निकाय बलियो बन्न सकेको छैन । त्यसतर्फ समेत सहज पहुँच बढाउने कानुन बनाउन संसदको ध्यान जान आवश्यक छ । सबैलाई समान कानुन भए मात्र मुलुकमा कानुनी राज्य भएको अनुभूति हुनेछ ।


# राजा वीरेन्द्र, शान्तिक्षेत्र प्रस्ताव र ग्रेटर नेपाल अभियान

**सुरेन्द्र ढकाल**
पोलिटब्युरो सदस्य
(नेकपा माले)






कुरा २०३७ सालतिरको हो । इतिहासमा स्नातकोत्तर गर्ने सिलसिलामा सोधकार्य गर्नु पर्दथ्यो । मैले आफ्नो थेसिसको विषय Nepal's Zone of Peace Proposal : A Historical Perspective रोजे । मेरो थेसिस गाइड प्रा. त्रिरत्न मानन्धर हुनुहुन्थ्यो । यही थेसिसमा आएको उच्च मार्कको कारण म स्नातकोत्तरमा प्रथम श्रेणी (मेरिट ल्याएर) उत्तीर्ण हुन सफल भएको थिएँ । यो थेसिस किन राजा वीरेन्द्रले आफ्नो राज्याभिषेकको अवसर पारेर नेपाललाई विश्वसमक्ष शान्तिक्षेत्र घोषित गरियोस् भन्ने प्रस्ताव राखे (?) भन्ने कुरामा केन्द्रित थियो । सन् १९८१ को जुलाई महिनामा यो थेसिस सकी भाइवा दिएर मैले स्नातकोत्तरको अध्ययन पुरा गर्दा विश्वका धेरै राष्ट्रहरुले यस प्रस्तावको समर्थन गरिसकेका थिए भने भारतले यस प्रस्तावको समर्थन गर्नु त परै जावस सबैभन्दा पहिले यो प्रस्तावको समर्थन गर्ने सोभियत संघलाई दबाव दिएर समर्थन फिर्ता लिन बाध्य पारेको थियो ।

सोभियत संघले समर्थन फिर्ता लिएपश्चात चीन औपचारिक रुपमा यस प्रस्तावको प्रथम समर्थक भएको थियो । यस प्रस्तावलाई समर्थन गर्ने विश्वका ११६ राष्ट्रमध्ये चीन पछि अन्य शक्तिशाली राष्ट्र अमेरिका, जापान, जर्मनी, फ्रान्स आदि थिए । मेरो थेसिसमा राजा वीरेन्द्रले यो प्रस्ताव किन राखे भन्ने अनुसन्धानात्मक प्रश्न (Research Question) को जवाफ मात्रै छ । भारतले यो प्रस्तावको विरोध किन गऱ्यो भन्ने कुरा विश्लेषण गरिएको छैन । यद्यपि पहिलो प्रश्नको जवाफले यो दोस्रो प्रश्नको पनि जवाफ दिन्छ भन्ने मेरो ठहर छ ।

**किन राखे राजा वीरेन्द्रले यो प्रस्ताव ?**

१) जुन बेला राजा वीरेन्द्र नेपालका राजा भए सन् १९७२ मा त्यतिखेर भर्खरै भारतले सोभियत संघसँग गरेको सैनिक सन्धीको आडमा पाकिस्तानलाई टुक्राएर बंगलादेश बनाएको अवस्था थियो । भारतमा निर्वासनमा रहेका विश्वेश्वरप्रसाद कोइरालाले अब देशमा पंचायत व्यवस्थालाई ढाली बहुदल नदिने हो भने बंगलादेशकै मोडेलमा भारतीय सशस्त्र सैनिक सहयोगमा नेपालमा प्रजातन्त्र स्थापना गर्नुपर्छ भन्ने कुरा महेन्द्र राजा हुँदा नै सेप्टेम्बर २०, १९७१ इण्डियन एक्सप्रेसलाई अन्तर्वार्ता दिई सार्वजनिक गरिसकेका थिए । अर्कोतर्फ आफूलाई पाकिस्तानको घनिष्ट मित्र भन्ने चीनले भारतद्वारा पाकिस्तानको विखण्डन गर्दा समेत चूँ.. नबोली कानमा तेल हालेर बसेको भर्खर गद्दी आरोहण गरेका राजा वीरेन्द्रले राम्ररी बुझेका थिए । चीनकै भरमा बस्ने हो भने अब भारतले नेपाललाई सजिलै खान सक्छ भन्ने उनको ठोकुवा थियो ।

२) राजा वीरेन्द्र भारतप्रति शशंकित भइरहेकै अवस्थामा अगष्ट १९७२ मा भारतीय सैनिक वर्दिमा नेपालमा छिरेका सयौ सशस्त्र भारतीयहरुले दिनदहाडै नेपालको हरिहरपुर गाउँमा प्रवेश गरी निर्दोष नेपालीहरुलाई लुटे । त्यो कुरालाई अगष्ट २८ को गोरखापत्रले आफ्नो मुखपृष्ठमा छापेको थियो ।

३) झन् त्यसमाथि जून १९७३ नेपाल राष्ट्रबैंकको रु ३० लाख भारु लिएर विराटनगरको लागि उडेको नेपाली विमानलाई अपहरण गरी भारतको फारविसगञ्ज ओरालेर ३० लाख लुटने काम सफलताका साथ नेपाली कांग्रेसले सम्पन्न गरेपछि राजा वीरेन्द्रको भारतप्रतिको शंका झनै गाढा भएर गयो ।

४) अर्को झन् ठूलो घटना सन् १९७४ मा घट्यो । त्यो भनेको नेपालको पूर्व छिमेकी रहेको सिक्किमलाई भारतले आफुमा विलय गरायो । यसबाट अब नेपालको नियति पनि कुनै पनि बेला सिक्किमको हुने ठहर राजा वीरेन्द्रले गरे ।

५) सन १९६२ मा चीनसँगको युद्धमा हारेको भारतको छवी विश्व र दक्षिण एसियामा कमजोर सावित भएको थियो । सोभियत संघसँग सैनिक सम्झौता गरी पाकिस्तानलाई सफलताका साथ टुक्राइ बंगलादेश बनाउने, नेपालमाथि सैनिक कारवाही र नेपालको विमान अपहरण गर्न लगाउने अनि सिक्किमलाई आफूलाई विलय गर्न सक्ने भारतले सन १९७४ मा आउँदा आफूलाई दक्षिण एसियाको दादा बनाउन सफल बनाइसकेको थियो भने चीन यी सबै कुरा टुलुटुलु मात्रै हेरेर बसिरहेको थियो ।

६) पाकिस्तानलाई टुक्राइ बंगलादेश बनाउन सफल हुनु, सिक्किमलाई भारतमा विलय गर्न सफल हुनुले इन्दिरा गान्धीको महत्वाकांक्षा ह्वात्तै बढ्यो । यतिसम्म कि India is Indira and Indira is India भन्ने नारा भारतमा सर्वत्र फैलियो । आफनो जीवनकालभरि भारतको प्रधानमन्त्री भइरहने उनको अभिलाषा पूर्ण गर्ने कार्य स्वरुप उनले भारतमा सन १९७५ मा संकटकाल घोषणा गरी विपक्षीहरुलाई तवाह गर्ने रणनीति अख्तियार गरिन् । यसबाट राजा वीरेन्द्र झनै त्रसित बन्न पुगे । यस अवस्थामा विश्वले देख्ने गरी केही कार्य नगरे नेपाललाई भारतले सजिलै निल्ने देखी राजा वीरेन्द्रले आफ्नो राज्याभिषेकको अवसरमा विश्वको नेतासामु सन १९७५ मा नै शान्तिक्षेत्रको प्रस्ताव राखे र त्यस प्रस्तावप्रति भारत र सोभियत संघबाहेक सबैको समर्थन आउनुले नेपाल खाने भारतको योजनामा तुषारापात पर्न गयो । जस्को फलस्वरुप भारतले नेपाल दरबारलाई स्थायी रुपमा आफ्नो शत्रुको कोटिमा राख्यो ।

७) भारतमा इन्दिरा गान्धीले लगाएको संकटकालको विरोधमा समाजवादी नेता जयप्रकाश नारायणको नेतृत्वमा कांग्रेस विरोधी मोर्चा तयार भयो । भारतमा निर्वासनमा रहेका विश्वेश्वर र गणेशमानहरु आफूलाई पनि समाजवादी ठान्ने हुँदा यिनीहरु जयप्रकाश नारायणको नजिक हुनु स्वभाविकै थियो जुन कुरा इन्दिरा गान्धीलाई पचेन । अब भारतमा रहेमा इन्दिरा गान्धीले जेलमा ठोस्नदेखि मन्द विष पिउनुभन्दा आत्महत्या गर्न परे पनि नेपाल फर्कनु नै उचित भन्दै राष्ट्रिय मेलमिलापको नारा दिएर देशद्रोह, विमान अपहरण जस्ता मुद्धाको परवाह नै नगरी विश्वेश्वर र गणेशमान नेपाल फर्किए ।

८) आफ्ना बाबु महेन्द्रभन्दा राजा वीरेन्द्र लोकतान्त्रिक थिए । यिनले विश्वेश्वर र गणेशमानलाई कुनै कारवाही गरेनन् । भारतसँग टक्कर लिनको लागि देशमा एकता हुनुपर्छ भन्ने कुरामा विश्वास गर्ने राजा वीरेन्द्रले विश्वेश्वरकै सल्लाहमा २०३६ साल पंचायत ब्यवस्था राख्ने कि बहुदलमा जाने भन्ने विषयमा जनमत गराउने घोषणा गरिदिए । राजाको यो घोषणाबाट विश्वेश्वर निकै उत्साहित बने । उनले प्रजातन्त्र र राजतन्त्र एक अर्काको परिपुरक भन्दै राजाको र आफनो घाँटी जोडिएको उदघोष गर्दै हिँडन मात्रै थालेनन् वल्की नेपालका वामपन्थीहरुसँग आफ्नो कुनै तालमेल नहुने ठोकुवा गरे । जनमतमा बहुदलले जित्ने त्यसपछि कांग्रेसको राज हुने घोषणा विश्वेश्वरले टुँडिखेलको आमसभामै गरिदिए । उनको सोचाइको ठीक विपरित जनमतमा सुधारिएको पंचायतले जितेपछि विश्वेश्वरले जनताको निर्णय आफ्ना लागि शिरोधार्य भन्दै राजाकै पक्षमा आफूलाई उभ्याए जस्को पुरस्कार स्वरुप उनले दरबारबाट रु ५० हजार पाएको तत्कालिन दरवारका सचिवहरुले भन्दै हिँडथे । यही कारण, जुलाई १९८२ मा विश्वेश्वरको मृत्यु नहुन्जेलसम्म सुधारिएको पंचायतले देशमा राज गऱ्यो ।

९) विश्वेश्वरको मृत्युलगत्तै फेरि पंचायत विरोधी आवाजहरु सुनिन थाले । हुन त जनमत संग्रहमा पंचायत पक्षले ४ लाख फर्जिमत जनक शिक्षा सामग्री केन्द्रमा छापेर प्रयोग गरी पंचायतलाई जिताएको आरोप मनमोहन अधिकारीले जनमत लगत्तै भएको टुँडिखेलको आमसभामा बताएकै थिए । तर विश्वेश्वरको नेतृत्वको कांग्रेसले जनमतको नतिजा मानेको परिप्रेक्ष्यमा वामपन्थीहरु एक्लैले केही गर्न सक्ने अवस्था नभएको हुँदा पंचायतको आयु एक दशक लम्बिन गएको थियो । विश्वेश्वरको मृत्युपश्चात पंचायत ढाल्ने कुरामा गणेशमानले नेतृत्व गरेको कांग्रेस देशभित्र वामपन्थीहरुसँग एकता गरी पंचायत ढाल्न तयार भयो भने उता भारतमा इन्दिरा गान्धीको पतन भई जयप्रकाश नारायण समर्थित समाजवादीसहितको जनता पार्टीको सरकार बन्न पुग्नुले नेपालको पंचायत विरोधी आन्दोलनलाई भारतले सघाउने भयो । भारतीय नेता चन्द्रशेखर गणेशमानको चाक्सीवारीस्थित घरमा आएर आन्दोलनकारीलाई हौसला दिन थाले । पंचायत विरोधी आन्दोलन चर्केर गयो ।

भारत समर्थित आन्दोलनलाई जवाफ दिने हेतुले राजा वीरेन्द्रले चीनसँग हतियार किन्ने कार्य गरे । यसबाट भारत झनै चिढियो र उसले नेपालमाथि आर्थिक नाकाबन्दी थोपऱ्यो । नाकाबन्दी पक्षमा विश्व जनमतलाई आफूतिर पार्न भारतले सन १९६५ मा राजा महेन्द्रसँग गरेको गोप्य सैनिक सम्झौता टाइम्स अफ इन्डिया नामक भारतीय पत्रिकामार्फत प्रकाशित गरिदियो । जुन सन्धिअनुरुप नेपालले भारतबाहेक अरु कुनै देशसँग हतियार किन्न नपाउने र किने तापनि भारतीय भूमिबाट भारतलाई देखाएर ल्याउनुपर्ने प्रावधान थियो । यस सन्धिको उजागर हुनुले राजा वीरेन्द्रको स्थितिलाई कमजोर बनाइदियो र उनले फेरि पनि भारतको अगाडि घुँडा टेक्नुभन्दा आफ्ना जनतालाई राजनीतिक अधिकार दिनु उचित ठानी सन १९९० मा पंचायतलाई समाप्त पारी बहुदलीय ब्यवस्था घोषणा गरिदिए । यस घोषणासँगै राजाको शान्ति क्षेत्रको प्रस्ताव बेवारिसी बन्न पुग्यो किनकी त्यसपछिका बनेका अन्तरिम सरकार र निर्वाचित सरकार कसैले पनि नेपालको शान्ति क्षेत्र प्रस्तावलाई अघि बढाई भार तसँग दुश्मनी मोल्न चाहेनन् ।

१०) बहुदल घोषणा भएको एक वर्षमै सन १९९१ म नयाँ संविधान बन्यो जसले राजालाई संवैधानिक र देशको सार्वभौमिकता नेपाली जनतामा रहने ब्यवस्था गरिदियो । जब नेपाली जनता सार्वभौमिक बने तब यस पंक्तिको लेखकले सुगौली सन्धि र भारतसँग भएको सन १९५० को सन्धिको धारा ८ मा भएको ब्यवस्था अनुरुप नेपालको सीमा स्वतः टिस्टा काँगडा पुगेको उद्घोष गर्दै ग्रेटर नेपालको अभियान थाल्यो । यस अभियानलाई खुलेर समर्थन गर्ने तत्कालिन एमालेका महासचिव मदन भण्डारी पनि थिए । झन त्यसमाथि विशाल नेपाल सम्बन्धी सन्धि सम्झौता र पक्ष विपक्षका विचारलाई एकत्रित गरी विशाल नेपाल नामक लेखको संगालो पुस्तकको रुपमा यस पंक्तिका लेखकले छापेपछि भारत राजा वीरेन्द्र र मदन भण्डारीले यो अभियानलाई पक्षपोषण गरेको शंका गर्न थाल्यो । यही शंकाकै आधारमा भारतीय डिजाइन अनुरुप मदन भण्डारीलाई त्रिसुलीमा खसालेर मार्ने काम भयो ।

११) बहुदल लागू भएको शुरुका वर्षहरुमा राजाको लोकप्रियता ज्यादै खस्कन गएको थियो । तर बहुदलीय सरकारबाट जनताले जुन रुपमा राजनीतिक स्थायित्व र विकासको अपेक्षा गरेका थिए, त्यो हुन सकेन । जसको फलस्वरुप गिरिजाको कांग्रेस सरकार आन्तरिक किचलोको कारण मध्यावधि निर्वाचनमा जानुले राजाको लोकप्रियता विस्तारै बढ्न थाल्यो । झन् त्यसमाथि नेपालमा रहेका १ करोड भारतीयहरुलाई नेपाली नागरिकता दिने विधेयकमा राजाले लालमोहर नलगाई सर्वोच्च अदालततिर धकेल्दिनुले राजाको लोकप्रियता ह्वात्तै बढ्यो भने भारत दरवारसँग नराम्ररी चिढियो । नेपालमा आएको बहुदलीयता आफ्नो पक्षमा राजा होउन्जेलसम्म नआउने र नेपाललाई बैधानिक रुपबाटै सिक्किम बनाउन नसक्ने देखी नेपालको राजतन्त्र र विशाल नेपाल अभियानलाई चुनौति दिन भारतले एकातर्फ भुटान सरकारलाई उठाएर एकलाख भन्दा बढी भुटानीलाई नेपालमा शरणार्थी बन्न पठाइदियो भने अर्कोतर्फ नेपालको राजसंस्थालाई सदाका लागि उखेलेर फाल्न माओवादी जनयुद्धलाई मलजल गर्न थाल्यो ।

भारतीय मलजलको कारण माओवादी जनयुद्ध दिन दुई गुणा र रात चार गुणाले बढ्दै गएपछि भारत एकातर्फ वीरेन्द्रको वंश विनाश गर्न सफल भयो भने अर्कोतर्फ नेपालका सबै राजनीतिक दलहरुलाई भारत बोलाई दोस्रो दिल्ली सम्झौता गराई नेपाली राजतन्त्र खतम गर्ने र भारतीयहरुलाई नेपाली नागरिकता दिने आधारशिला तयार गऱ्यो । त्यही दिल्ली सम्झौता अक्षरशः पालना हुँदा नेपालमा रहेका १ करोडमध्ये ६३ लाख भारतीयहरुले नेपाली नागरिकता पाइसके भने देश राजतन्त्रबाट गणतन्त्रमा प्रवेश गरेको अवस्था छ अहिले ।

२०४७ सालमा यस पंक्तिका लेखकले शुरु गरेको विशाल नेपालको अभियान अहिले ब्यापक बनेको छ । विभिन्न तप्का र खेमाहरु विशाल नेपालको पक्षमा खुलेरै लागिसकेका छन् । यस अभियानलाई चुनौति दिन भारत तराईलाई नेपालबाट विखण्डन गर्ने उद्देश्यसहित २०६३ सालपछि नेपाली नागरिकता पाएका गैरआवासीय भारतीयहरुलाई परिचालन गरिहेको छ । यसकै कारण तराईमा विखण्डनकारीहरुको स्वरहरु पनि सुनिन थालेको छ । नेपाललाई आफ्नो पकडमा राख्न सके नेपालबाटै स्वतन्त्र तिब्बत अभियान सफल पार्न सकिन्छ र तिब्बत स्वतन्त्र भएको भोलिपल्टै नेपाललाई खान सकिन्छ भनेर भारत, युरोपेली देश अनि अमेरिका एउटै खेमामा आइपुगेका छन् । भारतीय र पश्चिमाहरुको रणनीति राम्ररी बुझेको चीनले पछिल्ला वर्षहरुमा आफ्नो नेपाल नीतिलाई कठोर बनाएको कारण चीनको उपस्थिति र लगानी नेपालमा बढिरहेको छ जसले भारत, युरोप र अमेरिकाको निद हराम गरिरहेको छ ।

विशाल नेपाल बनेमा भारत र चीनबीच एक स्थायी वफर जोन बन्न गई तिब्बत सदाका लागि सुरक्षित हुन्छ भन्ने कुरा चीनले राम्ररी बुझिसकेको परिप्रेक्ष्यमा अब नेपालमा विशाल नेपाल पक्षधर राष्ट्रवादी शक्तिहरुको उत्थान हुने स्वतः देखिन्छ । दार्जिलिङमा भएको नेपाली राष्ट्रवादी आन्दोलन, भारत-चीन सीमा क्षेत्रमा चिनिया सैनिक बन्दोबस्तीमा ठूलो उन्नति हुनुले पनि नेपालको स्थितिलाई अहिले मजबुत बनाएको छ । अब राजा वीरेन्द्रको शान्ति क्षेत्र प्रस्तावलाई बेवारिसे बनाउने भारतको अगाडि ग्रेटर नेपाल अभियान सशक्त हुँदै जानुले स्थिति झनै चुनौतिपूर्ण भएको छ भने भुटानमा पनि भारत विरोधी शक्ति सरकारमा आउनुले भारत आफूले खनेको खाडलमा विस्तारै आफैं पर्दैछ । हरेक वर्ष पुष १४ मा आउने राष्ट्रवादी र लोकतान्त्रिक राजा वीरेन्द्रको जन्म दिवसले सम्पूर्ण नेपाली जनतालाई दिने सन्देश यही हो ।

# मैले देखेको छयत्तरौं विश्व सम्पदा:
# हानोभरको मार्क्टकिर्ख र पुरानो बजार

सुरेन्द्र ढकाल



अर्धकाठले बनेका गल्लीका दुईतिर ठडिएका हानोभरका पुरानो सहरमा मनमोहक घरहरू



चर्चभित्र रहेको घन्ट



चर्चको मुख्य कक्ष (नेभ)




हानोभर सहरमा सुरेन्द्र सन् १९८९ मा




चर्चभित्र चन्दनको काठले बनेको अल्टर



चर्चभित्रको संगीत यन्त्र (अर्गन)



मार्क्टकिर्ख अगाडिबाट यस्तो देखिन्छ



मार्क्टकिर्खको टावर



मार्क्टकिर्खको दुईवटा कोरिडोर भएको मुख्य हल

हानोभरको हेर्न हाउजेन बगैंचा हेरिसकेपछि म हानोभर शहरको मुटुमा रहेको चर्च मार्क्टकिर्ख र पुरानो शहर हेर्न त्यतातिर लागे ।

### हानोभरको मार्क्टकिर्ख

यो एक लुथेरान चर्च रहेछ । जर्मन भाषामा चर्चलाई किर्ख भनिन्छ । हानोभरको पुरानो बजारसँगै १४औं शताब्दिमा यसको निर्माण भएको रहेछ । उत्तरी जर्मन गोथिक शैलीमा रातो इटाले बनाएको यस चर्चको चुलिएको टावर लोअर सेक्सोनीकै अग्लो टावर मानिदो रहेछ जस्लाई हानोभरका नागरिकको शक्ति र धन सूचकको रूपमा लिइदो रहेछ । मुख्य हलको बीचमा दुइवटा हिंड्ने ठाउँ (करिडर) भएको यो चर्च मंच जस्तो उचालिएको भाग (आल्टर ) जहाँबाट नियमित पूजाआजा गरिन्छ चन्दनको काठले सन् १४८० मा बनेको रहेछ । त्यहाँ क्राइष्टको धैर्य अभिव्यक्त गर्ने २१ वटा दृश्य अंकित गरिएको रहेछ । यो आल्टरलाई सन १६६३ मा अर्को एगिडियन चर्चमा लगेको रहेछ र दोस्रो युद्धपछि सन् १९५२ मा फेरि यही चर्चमा नै फर्काइएको रहेछ । त्यसै गरी चर्चमा रहेको सांगीतिक यन्त्र (अर्गान) टावरमुनीको कोठामा राखिएको सत्रौं शताब्दिको रहेछ जस्लाई सन १८९३ मा यहाँ ल्याई जडान गरिएको रहेछ । दोस्रो विश्वयुद्धमा यो अर्गान बम आक्रमणबाट ध्वस्त भएको कारण चर्चभित्रको करिडरको दक्षिणी भित्तामा एमिल ह्यमरले सान १९५३।५४ तिर जडान गरेको नयाँ अर्गान देख्न पाइँदो रहेछ । त्यसै गरी चर्चभित्र ११ वटा घण्टाहरू रहेछन जुन विशेष अवसरमा मात्रै बजाइँदो रहेछ । यसमध्ये क्राइष्ट र शान्ति नाम गरेको घण्टा लोअर साक्सोनीकै सबैभन्दा ठूलो घण्टामा गनिदो रहेछ । चर्चभित्र दुई घण्टा बिताई माथि वर्णन गरिएका सबै कसरा हेरी म लागे ह्यानोभरको पुरानो शहर हेर्नतर्फ ।

### हानोभरको पुरानो शहर

यो शहर सन् १९१८ देखि प्रसियाको राजधानी रहँदै आएको रहेछ । यही प्रसियाका प्रधानमन्त्री बिस्मार्कले जर्मनीको एकिकरण गरेका थिए । यो शहर लाइने नदीको किनारमा मध्यकालमा स्थापना भएको रहेछ । यो शहर पहिले माझी र डुंगा चलाउनेहरूको गाउँ रहेछ । तर १३औं शताब्दितिर आइपुग्दा नै यसले शहरको आकार लिन शुरू गरेको रहेछ र १४औं शताब्दिमा नै यहाँ चर्चहरू बनी शहरी बस्ती बसेको रहेछ । शहर भएका पुराना घरहरू सबै काठको फ्रेममा बनाइएका सन् १५६६ तिरका रहेछन् । ससाना गल्लीको दुवैतर्फ ठडिएका यी घरहरू निकै मनमोहक देखिँदा रहेछन् र यसबाट त्यतिखेर धेरै नै काठका काम हुँदा रहेछन् भन्ने बुझिँदो रहेछ । दुई विश्वयुद्धमा जर्मनी ध्वस्त हुँदा यी अर्धकाठका घरहरू पूर्ण रूपमा क्षतिग्रस्त भएको र ४० वटा घरमात्र सग्ला बाँचेका रहेछन् । पुरानो शहर ढुंगाको ढोका (स्टाइन टोर) बाट शुरू भई एगिडिएन टोरप्लाच्जमा गएर पुरानो शहर अन्त हुँदो रहेछ । विस्तारै हिंडेर अवलोकन गर्दा करिब एक घण्टामा पुरानो शहर राम्ररी हेरिँदो रहेछ । हानोभरको चर्च र पुरानो शहर अवलोकन गरी आफ्नो विश्वविद्यालय रहेको जर्मन शहर स्पायर फर्कने क्रममा आम्स्टरडम, ब्रसेल्स र लक्जेमवर्ग हुँदै जाने निधो गरी म लागैं आम्स्टरडमतर्फ ।

**दाँते सोसाइटी नेपाल**
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

**Office Equipment Problems?**
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3


राष्ट्रिय विद्युत समस्याको निराकरणका लागि सरकारी कार्यालयहरूले नै विद्युत खपतको लागि मितव्ययिता गर्ने कदमहरू चालु राखी सर्वसाधारणहरूलाई सुसूचित गराऔं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# मेरो केही भनिहाल्नुपर्ने कुराहरू

**नेपालको कम्युनिस्ट आन्दोलनका शीर्ष व्यक्तित्वमध्येका एक कमरेड शम्भुराम श्रेष्ठ मानिनुहुन्छ । मार्क्सवादी दर्शनमा चट्टानझैँ अडिग रहनुभएका श्रेष्ठले आफ्नो जीवनकालमा आफूले देखे भोगेका घटनाक्रमहरूलाई सरल भाषामा लिपिबद्ध गरेर 'मेरो राजनीतिक जीवनको संस्मरण' नामक पुस्तक तयार गर्नुभएको थियो । उहाँका अनुभवहरू वर्तमान समयमा पनि उत्तिकै सान्दर्भिक हुन सक्छन् । २०६२ माघ १९ गते दिवंगत हुनुभएका श्रेष्ठको संस्मणात्मक पुस्तक ग्वाहालिगुथी, शम्भुराम श्रेष्ठ कृति प्रकाशन समिति काठमाडौंले प्रकाशन गरेको छ । नेकपा (माले) का केन्द्रीय सदस्य सिद्धि महर्जनको सौजन्यमा ग्रेटर नेपाललाई प्राप्त भएको क.शम्भुरामको पुस्तकका महत्वपूर्ण लेख रचनाहरू हामीले यस साप्ताहिकमा नियमित रूपले प्रकाशित गर्न सुरू गरेका छौं ।** *– सम्पादक*

■ **शम्भुराम श्रेष्ठ**

बीस वर्षअघि नै मैले आफ्नो ६० वर्षभन्दा लामो राजनीतिक जीवनमा प्रजातान्त्रिक आन्दोलनको र त्यसमा पनि विशेष गरेर नेपाली कम्युनिस्ट आन्दोलनको क्रममा उठेका सैद्धान्तिक, राजनीतिक, संगठनात्मक तथा रणनीतिक आदि सवालहरुमा उठेका कुराहरुको साथसाथै कम्युनिस्ट नेतृत्व अन्तर्गत सञ्चालित वर्गीय एवं जनसंघर्षहरुमा भएका विभिन्न उतारचढावहरु, मोडहरु र अरु केही उल्लेख गर्नैपर्ने कुराहरुका बारेमा आफ्ना सम्झनाहरु लेख्ने निर्णय गरेको थिएँ । तर ठीक त्यही समयमा अकस्मात पार्टीका तुरुन्त नगरी नहुने केही जरुरी कामहरु एकपछि अर्को गर्दै लगातार आइदिएका र आफूले पनि ती कामहरु गर्नमा व्यस्त हुनुपर्ने भइदिएको हुनाले मैले निर्णय गरेअनुसार संस्मरण लेख्न पाइन अथवा भनुँ लेख्न सकिन र अहिले ८२ वर्ष नाघिसकेको उमेर र छाती तथा मुटु समेतको व्यथाले शरीर बिल्कुलै शिथिल भइसकेको र सम्झना शक्ति पनि एकदमै क्षीण भइसकेको अवस्थामा आफ्ना संस्मरणहरु लेख्न थालेको छु । यसकारण संस्मरण लेखनमा थुप्रै कुराहरु छुटन जानेछन् र कैयन कमी कमजोरीहरु हुन जाने छन् । यसमा पछुताउनु बाहेक मैले अरु गर्नै पो के सक्छु र ।




सौभाग्यवस भनौं अथवा दुर्भाग्यबस नै भनुँ, म र मेरा सुरुका सहयोद्धा कमरेडहरु (अर्थात्, प्रेमबहादुर कंसाकार, सूर्यबहादुर भारद्वाज र म शम्भुराम श्रेष्ठ) अंग्रेज साम्राज्यवाद र त्यसका सामन्ती दलाल, राणा शासक मण्डलीको विरुद्ध र नेपाल र नेपाली जनताको मुक्तिका लागि राजनीतिक रुपले संगठित भएर नेपालमा जनसंघर्ष प्रारम्भ गर्ने पहिलो पिंढीको दोस्रो जमातका अगुवा क्रान्तिकारीहरु भइदियौं र यसलाई भवितव्य भने पनि केही फरक पर्दैन । जे होस्, यस्तो जमातका क्रान्तिकारीहरुका राजनीतिक जीवनको अन्त्य प्रायशः असफलतामै हुने गरेको हुन्छ । हामीहरुको हकमा पनि त्यस्तै भयो । अर्थात् हामीहरु आफ्नो राजनीतिक उद्देश्य प्राप्त गर्ने कार्यमा सफल हुन सकेनौं, असफल भयौं । हाम्रो जस्तो असफल राजनीतिक जीवनमा नयाँ पिंढीका कम्युनिस्ट क्रान्तिकारीहरुको निम्ति मननीय र काम लाग्ने कुराहरु हुन्छन् वा हुँदैनन् मलाई थाहा छैन । यो त नयाँ पिंढीका कामरेडहरु स्वयंले क्रान्तिकारी व्यवहारको क्रममा ठम्याउने कुरा हो । नेपाली क्रान्तिप्रतिको मेरो आफ्नो दायित्व त म र मेरो पहिलो पिंढीका सहयोद्धा कमरेडहरुबाट सही तथा गलत जति पनि कामहरु भएका थिए, ती सबैलाई इमानदारीपूर्वक लेखेर सबैको अगाडि राखिदिनु हो र मैले सोही अनुसार सम्झिए जति सबैलाई लेखेर राखिदिएको छु ।

यहाँनेर एक दुईटा कुराहरु उल्लेख गर्नु मैले अत्यावश्यक सम्झेको छु। पहिलो कुरा के हो भने हामीहरु आफ्नो राजनीतिक उद्देश्य प्राप्त गर्ने कुरामा जतिसुकै असफल भए तापनि अर्थात् हामीहरुले तर्जुमा गरेका नेपाली क्रान्तिका कार्यक्रम र रणनीति आदिमा जतिसुकै ठूलठूला कमी कमजोरीहरु र गल्तीहरु हुन गएका भए तापनि तिनीहरुलाई नयाँ पिंढीका कामरेडहरुले कमसेकम प्रेसिडेन्सकै रुपमा भए पनि पाएका त छन्, जुन कुरा हामीहरुको नसिबमा थिएन । हामीहरुले आफूभन्दा अगाडिका क्रान्तिकारीहरुको नेतृत्व र निर्देशनमा काम गर्ने र सिक्ने अवसर बिल्कुलै पाएनौं । त्यसबाहेक हामीहरु एमेरमा मात्र काँचा थिएनौं, मार्क्सवाद-लेनिनवादका क्रान्तिकारी सिद्धातहरु र पुँजीवादी राजनीतिका सिद्धान्तहरुको अध्ययन र क्रान्तिकारी व्यवहारका अनुभवहरुमा पनि काँचा थियौं । सायद ती नै कारणहरुले होला, हामीहरु आफूलाई जे गर्न र जसो गर्न उचित र ठीक लाग्थ्यो त्यही र त्यसरी नै गर्ने गर्थ्यौं । यस्तो अवस्थामा हामीहरुबाट त्यसरी र ती खालका कामहरु हुनु त्यस ताकाका हामीहरुको उमेर राजनीतिशास्त्रहरुको अध्ययनको कमी र देशको परिस्थितिको हिसाबले स्वाभाविक नै थियो र साथै क्षम्य पनि थियो । तर ठीक त्यही समयमा हामीहरुबाट एउटा त्यस्तो गल्ती अथवा भूल हुन गयो, जो बिल्कुलै अक्षम्य प्रकृतिको थियो । त्यो कस्तो थियो भने नेपाली क्रान्तिप्रति पूर्णरुपले बफादार हुँदाहुँदै पनि हामीहरुमा आफ्ना क्रान्तिकारी दायित्वको सम्बन्धमा एकदमै गम्भीरताको अभाव भइदियो जो सच्चा क्रान्तिकारीहरुमा नभइ नहुने अत्यन्तै ठूलो व्यावहारिक महत्वको गुण थियो । फलतः हामीहरुले तर्जुमा गरेको नेपाली क्रान्तिको न्यूनतम कार्यक्रम मूलतः सही भएर पनि त्यसलाई यथार्थतामा परिणत गर्ने सही, योजनाबद्ध रणनीति तथा कार्यनीतिहरु हामीहरुबाट बन्न सकेन, अर्थात् नेपाली क्रान्तिको सही तथा मौलिक बाटो पहिल्याउने काम हुन सकेन । यस अवस्थामा हामीहरुबाट नेपाली क्रान्तिलाई सम्पन्न गर्ने कार्य हुन नसक्ने कुरा स्वतः स्पष्ट नै छ । खास कुरा यहाँसम्म मात्रै सीमित छैन । पार्टीको संगठनात्मक विस्तार, पार्टी सदस्य संख्या र पार्टीको संगठित व्यापक जनाधारको दृष्टिकोणले नेपाल कम्युनिस्ट पार्टी बाहिरबाट हेर्दा जतिसुकै खँदिलो, अनुशासित र शक्तिशाली देखिए तापनि त्यो भित्रभित्रै बिल्कुलै खोक्रो, लुलो र असक्षम भइरहेको थियो । पार्टीको यो हालत २००८ सालदेखि २०१३ सालसम्म पार्टीमाथि प्रतिबन्ध लगाइएको र २०१७ सालदेखि २०४६ सालसम्म तमाम राजनीतिक पार्टीहरुमाथि प्रतिबन्ध लगाइएको र पार्टीहरुमाथि प्रतिबन्ध लगाएदेखि हालसम्म देशको राजनीतिक स्थितिले पूरै उदांगिएको छ ।

त्यस समय हामीहरुबाट माथि उल्लेखित भूल नभइदिएको भए, अर्थात् त्यस समय हामीहरु आफ्नो क्रान्तिकारी दायित्वप्रति राम्ररी सचेत र गम्भीर भइदिएको भए हामीहरु आफ्ना सैद्धान्तिक कमी कमजोरीहरुको बाबजुद, नेपाली क्रान्तिको कार्यक्रमलाई यथार्थतामा परिणत गर्ने सही रणनीति तथा कार्यनीतिहरु के हुन्, अर्थात् नेपाली क्रान्तिको सही, मौलिक कार्य के हो तिनलाई खोजी पत्ता लगाउन हामीहरु ज्यू ज्यानले लागिपर्थ्यौं होला र पत्ता लगाई छाड्थ्यौं होला । उपरोक्त समस्यालाई सुल्झाउनु कठिन अवश्यै होला तर असम्भव चाहिँ बिल्कुलै होइन । असम्भव किन होइन भने एक त जुनसुकै समस्याको पनि समाधान हुन्छ र समाधान नभएको समस्यै हुँदैन । समस्या पैदा हुँदाखेरि नै त्यसले आफ्नो समाधान पिठ्युँमा बोकेर आएको हुन्छ । मन लगाएर खोज्नु मात्र पर्छ, अवश्य भेटिन्छ । अर्को कुरा त्यो सैद्धान्तिकभन्दा बढी व्यावहारिक समस्या हो । हामी पानीमा पौडेर पौडने कला सिक्ने अवस्थाको मान्छे हौं र पौडने कला सिकेर पोखरीमा हामफाल्ने मान्छे होइनौं ।

व्यावहारिक समस्या समाधान गर्ने कुरामा मुख्य बाधा परम्परावादी र अवस्तुवादी सोच बनेको हुन्छ। राजनीतिक सिद्धान्तहरुको मामलामा हाम्रो पिंढीका कम्युनिस्ट क्रान्तिकारीहरु र क्युबाली क्रान्तिका चे गेवारा र फिडेल क्यास्ट्रो आदि कामरेडहरु एउटै अवस्थाका छौं । हामी दुई थरीका कामरेडहरुको बीचमा कुनै फरक छ भने एउटै कुराको फरक छ, त्यो के हो भने हामीहरु आफ्नो क्रान्तिकारी दायित्वप्रति अलिकति पनि गम्भीर थिएनौं र क्युबाली कामरेडहरु एकदमै गम्भीर थिए । हामीहरु जस्तै क्युबाली कामरेडहरुले पनि मार्क्सवाद-लेनिनवादका क्रान्तिकारी सिद्धान्तहरु र कामरेड माओका क्रान्तिकारी विचारहरु र कामहरुको राम्रो अध्ययन गर्न पाएका थिएनन् ।

सुरु सुरुमा आफ्नो दायित्वप्रति बिल्कुलै गम्भीर नहुनु हामीहरु जस्ता उरण्ठेउला केटाहरुको मात्रै चारित्रिक लक्षण हो भन्ने हामीलाई लागेको थियो । तर पछि विचार गरी हेर्दा त्यो त वास्तवमा नेपालीहरुको राष्ट्रिय चरित्र नै रहेछ भन्ने लाग्न थाल्यो । कारण प्रस्टै छ, नेपालमा राणा जहाँनियाँ शासनलाई खतम गरी प्रजातन्त्र (अर्थात पुँजीवादी संसदीय शासन प्रणाली) ल्याइएको पनि आधा शताब्दीभन्दा बढी भइसक्यो । यो छोटो समय अवधि होइन । यस अवधिमा राजाले आफ्नो खोसिएको राजकीय अधिकार पुनः प्राप्त गर्न पाए भने, नेपाली कांग्रेस र त्यसका नेताहरुले 'नेपालमा प्रजातन्त्र हामीहरुले ल्याएको हो र नेपाली कांग्रेस नै प्रजातन्त्रको पर्यायी भएको हुनाले, नेपाली जनताको नाउँमा नेपाली जनतामाथि शासन गर्ने हाम्रो अधिकार हो' भनी दाबी गर्ने मौका पाएका थिए । अनि नेपाली जनताले 'मर्न पनि नसकिने, बाँच्न पनि नसकिने' अवस्थामा बाँचिरहनुपर्ने बाध्यता मात्र पाएका छन् । आर्थिक विकासको नाउँमा खडा गरिएका नौ नौ वटा पञ्चवर्षीय योजनाहरु सकिसक्दा पनि आर्थिक विकासका जगसम्म पनि हालिएको छैन, आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने काम त परै रहोस् । देशको वाणिज्य व्यापार र उद्योगधन्दा लगायत सम्पूर्ण राष्ट्रिय अर्थतन्त्र नै विदेशीको कब्जामा पारिएको छ भने अरबौं अरबको ऋण मात्र नेपाली जनताको थाप्लोमा राखिएको छ । यो सब दुर्गति हुनाको कारण के हो ? त्यसको निम्ति जिम्मेवार को हो ? राजा, नेपाली कांग्रेस र सत्तामा पुगेका संसदीय राजनीतिक पार्टीहरु र तिनीहरुका नेताहरु नै त्यो दुर्गति हुनाका मूल कारण र त्यसको निम्ति जिम्मेवार छन् । तिनीहरुको 'मै खाउँ मै मात्र लाउँ' भन्ने प्रवृत्ति र तिनीहरुको जनदायित्वप्रति बिल्कुलै गम्भीर नहुने स्वभावले गर्दा नै यो सब दुर्गति हुन गएको हो ।

विक्रम संवत् १९९३ मा टंकप्रसाद आचार्यको नेतृत्वमा नेपाल प्रजापरिषद्को स्थापना भयो । यो नेपालको पहिलो राजनीति पार्टी थियो । त्यसको १० वर्षपछि अर्थात् विक्रम संवत् २००३ मा भारतको प्रख्यात सहर कलकतामा विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा नेपाली राष्ट्रिय कांग्रेसको स्थापना भयो । त्यसको केही महिनापछि त्यही कलकता सहरमा जनरल सुवर्णशमशेरको नेतृत्वमा नेपाल प्रजातान्त्रिक कांग्रेसको स्थापना भयो । तीन वर्षपछि अर्थात् वि.सं. २००६ मा त्यही नै कलकत्ता सहरमा कामरेड पुष्पलाल श्रेष्ठको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो । नेपाल प्रजा परिषद्को स्थापनालाई नेपालमा संगठित प्रजातान्त्रिक आन्दोलन सुरु भएको मान्ने हो भने वि.सं.२०६० मा त्यो आन्दोलनको इतिहास ६७ वर्षको हुन्छ । नेपाल राष्ट्रिय कांग्रेस, नेपाली प्रजातान्त्रिक कांग्रेस, र नेपाल कम्युनिस्ट पार्टी बनेकै पनि आधा शताब्दीभन्दा बढता हुन्छ । यो छोटो समयावधि होइन, बिल्कुलै लामो समयावधि हो । तर पनि अहिलेसम्म नेपालको पुँजीवादी जनतान्त्रिक क्रान्तिले सही बाटो पक्रन सकेको छैन, बीच बाटोमै अल्मलिरहेको छ । त्यसो हुनाको खास कारण के हो र के हुन सक्छ ? जहाँसम्म मलाई लाग्छ, त्यसो हुनाको कारण वस्तुगत तथा मनोगत दुवै हुन् ।

## नेकपा मालेको रक्तदान





काठमाडौं । नेकपा (माले) ले ४१ औं पार्टी स्थापना दिवस विभिन्न कार्यक्रमहरुको आयोजना गरी मनाइरहेको छ। २०३५ सालमा स्थापना भएर विभिन्न आरोहअवरोह पार गर्दै अघि बढेको नेकपा (माले) ले कुनै पनि तहको सत्तामा प्रतिनिधि नगरे तापनि पार्टीलाई जीवन्त र क्रियाशील राख्तै जनता निकट बनाइराख्न सक्रियता देखाइरहेको छ । देशव्यापी रुपमा भर्खरै संकल्प राजनीतिक अभियान चलाएको मालेले पार्टी स्थापना दिवसलाई विशेष रुपले मनाउने गरेको छ । यसै सन्दर्भमा नेकपा (माले) उपत्यका मध्यपूर्वी ब्युरोको आयोजनामा पुस ११ गते गौशालामा खुला रक्तदान कार्यक्रम सम्पन्न गरेको छ। उक्त रक्तदान कार्यक्रममा ५० जना रक्तदाताहरुले रक्तदान गरेका थिए ।

रक्तदान कार्यक्रममा नेकपा मालेका महासचिव सीपी मैनालीको पनि उपस्थिति रहेको थियो भने विभिन्न तहका नेता कार्यकर्ता तथा शुभेच्छुकहरुको सहभागिता रहेको थियो । रक्तदाताहरुलाई जुस, फलफूल तथा खाजा वितरण गरिएको थियो ।

कविता

## पाङग्रेलाई मृत्युदण्ड



● प्रेम ओली (ढकलपुरे)

यसपालि पाङ्ग्रेले  
तीनवटा बलात्कार गरी  
ह्याट्रिकै गर्‍यो  
किशोर छँदा वृद्धालाई गर्‍यो  
युवा छँदा किशोरीलाई गर्‍यो  
आज बूढो भएपछि पनि  
दश वर्षे बलिकालाई गर्‍यो  
न जेल पर्‍यो न नेल पर्‍यो ।

महिला अधिकारवादीले  
घोर विरोध गरे  
नारा गरे, जुलुस गरे  
विरोध गर्दा, कोही जेलै परे  
बल्ल सरकारले चासो गर्‍यो  
दुई चार दिन पाङ्ग्रे जेल पर्‍यो  
कहिले तारिक सर्‍यो  
कहिले मुद्दा सर्‍यो  
मुद्दाको दिन कहिले बिदा पर्‍यो  
फैसला होला भन्दा भन्दै टर्‍यो  
एक दिन मुद्दा एक नम्बरमा पर्‍यो  
इजालसले गजबै गर्‍यो  
न्यायाधीशले एकछिन आँखा थुने  
पाङ्ग्रेको मुद्दा मजाले सुने  
अर्डर अर्डर भन्दै हतौडा बोके  
पाङ्ग्रेलाई मृत्युदण्डकै फैसला ठोके ।

आगोझैँ खबर दन्कियो  
रेडियो टिभी यसैले रन्कियो  
सहरमा जुलुस नारा घन्कियो  
मृत्युदण्ड दिन पाइँदैन

यस्तो कानुन चाहिँदैन  
न्यायाधीश मुर्दावाद  
पाङ्ग्रे जिन्दावाद  
न्यायाधीशलाई कारवाही गर  
पाङ्ग्रेलाई वाही वाही गर  
मानव अधिकारकर्मीले  
घोर विरोध गरे  
नारा गरे जुलुस गरे  
उसैको लागि कोही जेलै परे  
न्यायाधीशलाई सरकारले सरुवापत्र थमाइदियो  
अर्को न्यायाधीशले पाङ्ग्रेलाई सफाइ दियो  
पाङ्ग्रेलाई कसैले बधाई दियो  
दश किलोको माला लगाइदियो ।  
फेरि एक दिन पाङ्ग्रेले  
सात वर्षकी नाबालिकलाई बलात्कार गर्‍यो  
अहिले पाङ्ग्रे फरार छ  
थाहा छैन यहाँ कस्तो कस्तो सरकार छ  
कस्तो कस्तो मानवअधिकार छ  
यहाँ अझै यस्तै पाङ्ग्रेहरुकै जयजयकार छ।

## मेवाको पात कति उपयोगी ?



मेवाको पातको रस स्वास्थका लागि निकै फाइदाजनक छ । यसलाई नियमितरुपमा पिउनाले तपाईले धेरै किसिमका बिरामी हुनबाट छुटकारा पाउन सक्नुहुन्छ । ब्लड प्लेटलेट्स कम हुँदैछ भने यसको सेवन ज्यादै उपयोगी मानिन्छ । यसका लागि करिब तीन महिनासम्म दैनिक दुई चम्चा यसको सेवन गर्नुपर्छ । डेगूं र मलेरियाका बिरामीका लागि यो अति उपयोगी मानिन्छ । यसको सेवनले ज्वरोको कारण लगातार घट्ने ब्लड प्लेटलेट्सलाई सन्तुलनमा राखेर शरीरको कमजोरीलाई पनि मेट्ने काम गर्छ । मेवाको पातको रस क्यान्सरका बिरामीका लागि पनि निकै लाभदायक छ । यसमा क्यान्सर प्रतिरोधी गुण हुन्छ जसले क्यान्सर कोसिका बन्न रोक्छ । यसबाहेक यसले प्रतिरक्षा क्षमता बढाउन पनि मद्दत गर्छ । महिनावारीको समयमा हुने असहनीय पीडालाई यसको रसले मेट्न मद्दत गर्छ । यसका लागि मेवाको पात, तितिरी, नुन र एक ग्लास पानीको साथ मिसाएर पिउनुपर्छ । यसले तपाईको पीडालाई कम गर्छ ।

मेवाको पातको रसले प्रतिरक्षालाई मजबूत बनाउने काम गर्छ । यसको जूसलाई दैनिक सेवन गर्नाले शरीरमा ब्याक्टेरियाको वृद्धिलाई रोक्न सकिन्छ । यस बाहेक यसले रगतमा सेतो रक्त कोशिकालाई पनि बढाउन मद्दत गर्छ ।

पर्यटन

## दुप्चेश्वर महादेव : नयाँ धाम



धान्य पूर्णिमाका अवसरमा ऐतिहासिक महत्वको दुप्चेश्वर महादेव मन्दिरमा मेला लाग्छ । 'सानो पशुपतिनाथ'का रुपमा चिनिने यो मन्दिरमा 'जे माग्यो त्यो पूरा गरिदिने' विश्वासमा यो वर्ष ५० हजार भक्तजनले पूजाआरधना गरेको दुप्चेश्वर गाउँपालिका अध्यक्ष योविन्द्रसिंह तामाङले जानकारी दिनुभयो । एकादशीदेखि शुरु भएको जात्रामा शुक्रबार मात्रै २० हजार भक्तजन सहभागी थिए । तामाङका अनुसार शुक्रबारदेखि शुरु भएर पूर्णिमाको दिन शनिबार दर्शन गर्ने भक्तजनको उत्साहपूर्ण सहभागितासँगै यस वर्षको धान्य पूर्णिमामा लाग्ने मेला सकिएको हो ।

महादेव मन्दिरमा पूजा गरी जल चढाउनाले भक्तिभाव र मनोकांक्षा पूरा हुने धार्मिक विश्वास रहेको पूजारी भगवानहरि धितालले बताउनुभयो । राउतवेशीका स्थानीयवासीको गाई तादी नदी किनारको भिरमा पुगेर बच्चा जन्माइ दूध चढाएर बसेको स्थानलाई भक्तजनले दुप्चेश्वर महादेवको नाममा भगवान् अवतारका रुपमा २०० वर्षभन्दाअघिदेखि नै पुज्दै आएको भनाइ छ । समुन्द्र मन्थन गर्दा निक्लिएको विष सेवनबाट छट्पटिनुभएका महादेव शिव काठमाडौंको पशुपतिनाथ मन्दिर हुँदै नुवाकोटको दुप्चेश्वर मन्दिरमा बास बसेर रसुवाको गोसाइँकुण्ड पुगेको किंवदन्तीसमेत रहेकाले दुप्चेश्वर भगवान्लाई सानो पशुपति नाथका रुपमा पुज्ने गरिएको छ ।

ऐतिहासिक धार्मिक महत्वको तीर्थस्थल दुप्चेश्वरको प्रचारप्रसार र संरक्षणका लागि हाल आएर स्थानीय सरकार क्रियाशील भएर लागेको दुप्चेश्वर गाउँपालिकाको उपप्रमुख अञ्जु आचार्यले जानकारी दिनुभयो । उहाँको अनुसार महादेवको स्थानसहित आसपासको जग्गा प्राप्ति, शिलामा अवस्थित महादेवका लागि मन्दिरसहित विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने लक्ष्यसाथ गुरुयोजना निर्माण थालिएको छ ।

'यातायात सेवाको सहजता, भक्तजनका लागि आश्रयस्थलसहितको गुरुयोजना बनाएर दुप्चेश्वर महादेव मन्दिरको पूर्वाधार विकास र महिमालाई प्रचार गर्न स्थानीय सरकारले काम शुरु गरेको छ', आचार्यले भन्नुभयो ।

# ट्रम्पको साथ छोड्दै उनका सारथीहरू



**विष्णु भट्टराई**

वासिङटन, ६ पुस। अमेरिकी रक्षामन्त्री जीम म्याटिसले २० डिसेम्बरमा पदबाट राजीनामा दिएका छन्। राष्ट्रपति डोनाल्ड ट्रम्पले सिरियामा इस्लामिक स्टेट परास्त भएको जनाउँदै त्यहाँबाट अमेरिकी फौज हटाउने घोषणा गरेको भोलिपल्टै रक्षामन्त्री म्याटिसले राजीनामा दिएका हुन्।

सिरियाबाट अमेरिकी फौज फिर्ता गर्ने अमेरिकी राष्ट्रपतिको घोषणाप्रति अमेरिकाभित्रै र अमेरिकी गठबन्धनका सबै मुलुकले विरोध जनाएका छन्। ट्रम्प प्रशासनमा निकै सम्मानित विदेश नीति अधिकारीका रुपमा लिइएका म्याटिसले फेब्रुअरीको अन्त्यबाट पद त्याग्ने गरेका थिए। ती अधिकारीले भेटका क्रममा दुबै नेताबीच कुनै खास किसिमको विवाद थिएन। तर, म्याटिसले सिरियाबाट अमेरिकी फौज फिर्ता हुने निर्णयमा गम्भीर असहमति राखेको हुनसक्ने उनको भनाइ थियो।

म्याटिसको राजीनामाले ह्वाइट हाउसभित्र गम्भीर सङ्कट देखिन थालेको भन्दै आलोचना हुन थालेको छ। ट्रम्पका सहयोगीहरुले समेत म्याटिसको राजीनामा अस्वाभाविक रहेको बताएका छन्। राष्ट्रपतिका एक इमान्दार सल्लाहकारको बहिर्गमनले राष्ट्रपतिलाई आगामी दिनमा अझ चुनौती खडा हुने बताइएको छ।

'जनरल म्याटिसको राजीनामा पत्र भर्खर पढें,' फ्लोरिडाका निकै प्रभावशाली रिपब्लीकन पार्टी सिनेटर मार्को रुबियोले ट्वीट गर्दै भने, 'हामी गम्भीर नीति भूलतर्फ उन्मूख रहेको यसले सङ्केत गरेको छ। यसले हाम्रो मुलुकलाई जोखिममा पार्नेछ, हाम्रा गठबन्धनलाई नोक्सानमा पार्नेछ, र हाम्रा शत्रुहरुलाई सशक्तीकृत गर्न मद्दत गर्नेछ।'

अमेरिकी अधिकारीहरुका अनुसार अमेरिकी रक्षा मन्त्रालयले अफगानिस्तानबाट अर्को वर्षको मध्यसम्ममा झण्डै आधा अर्थात् करिब १४ हजार अमेरिकी सैनिक फिर्ता गर्नेगरी तयारी थालेको छ। तथापी यसबारेमा अन्तिम निर्णय भने हुन सकेको छैन। यद्यपी म्याटिसले सिरिया मामिला वा अफगानिस्तानमा तैनाथ अमेरिकी फौजको संख्यामा भारी कटौती गर्ने बारेमा पत्रमा केही उल्लेख गर्नु भएको छैन। म्याटिसले चीन र रसियाले विश्वभर 'सर्वसत्तावादी ढाँचा' को शासन पद्धति फैल्याउन चाहेको र अमेरिकी





छन्। राष्ट्रपति ट्रम्पलाई सम्बोधन गरी लेखिएको राजीनामा पत्रमा म्याटिसले 'आफ्नो विचारसँग निकट व्यक्तिलाई रक्षामन्त्रीमा चुन्न सक्ने अधिकार तपाइँ (राष्ट्रपति) सँग छ' उल्लेख गरेका छन्।

एकजना वरिष्ट अमेरिकी अधिकारीका अनुसार, म्याटिसले आफ्नो राजीनामा पत्र लिएर राष्ट्रपतिलाई भेट्न ह्वाइट हाउस पुगेका थिए र उनले ट्रम्पसँग करिब ४५ मिनेट कुराकानी पछिल्ला नीतिले त्यसलाई मलजल गर्ने देखिएको बताएका छन्। उनले पत्रमा लेखेका छन्, 'त्यहीकारण हामीले साझा प्रतिरक्षा उपलब्ध गराउन अमेरिकी शक्तिका सबै साधनको प्रयोग गर्नै पर्दछ।'

राष्ट्रपति ट्रम्पले नयाँ रक्षामन्त्रीको चयन चाँडै हुने बताएका छन्। 'राष्ट्रपतिको राष्ट्रिय सुरक्षा टोलीको कार्य नै राष्ट्रपतिलाई सुझाव दिनु हो र निर्णयकर्ता राष्ट्रपति हो,' ह्वाइट हाउसकी प्रेस सचिव सराह स्यान्डर्सले भने। म्याटिसका आलोचकहरुले राष्ट्रपति ट्रम्पका कैयौं आक्रामक कदमहरुलाई कार्यान्वयनमा लैजान म्याटिसले ढिलाइ गरेको बताएका छन्।

ट्रम्पको साथ छाड्नेमा निर्वाचनमा महत्वपूर्ण योगदान गरेकादेखि रुसी हस्तक्षेपमा नाम मुछिएकासमेत छन्। ट्रम्प प्रशासनको छोटो समयमा भएको यो ठूलो बर्खास्तगी र राजीनामाले ट्रम्प प्रशासनभित्रको खटपट, असन्तुष्टि र नेतृत्वशैलीको अस्वीकारलाई प्रस्ट पार्छ।

अमेरिका सहयोगी मुलुकले समेत यो निर्णयको आलोचना गरेका छन्। सिरियामा मात्रै नभएर अफगानिस्तानमा रहेका अमेरिकी सेनाको ठूलो संख्या कटौती गर्ने पनि अमेरिकी योजना छ। अफगानिस्तानबाट करिब ७ हजार अमेरिकी सेना फिर्ता हुन सक्ने अनुमान छ।

रक्षामन्त्री म्याटिसले आफ्नो राजीनामामा राष्ट्रपति डोनाल्ड ट्रम्पका नीतिसँग असहमति जनाएका छन्। उनले यसअघि देखि नै सिरियाबाट सेना फिर्ता बोलाउने निर्णय रणनीतिक रूपमा 'गम्भीर गल्ती हुने बताउँदै आएका थिए। यस्तै, रसिया र नेटोलगायतका विषयमा पनि ट्रम्पको भन्दा अलग धारणा उनको थियो। म्याटिसले आफ्ना उत्तराधिकारी छान्नका लागि ट्रम्पलाई फेब्रुअरीसम्मको पर्याप्त समय उपलब्ध गराएका छन्। लामो समयसम्म सरकारी सेवामा रहेका रक्षामन्त्री म्याटिसले सादा र सरल राजीनामा ट्रम्पलाई बुझाएका हुन्।

राष्ट्रपति डोनाल्ड ट्रम्पले सत्ता सम्हालेको दुई वर्षको अवधिमा उनलाई दर्जनौं सहयोगीले साथ छाडेका छन् भने कतिपय पदबाट हटाइएका छन्। रक्षामन्त्री जेम्स म्याटिसले राजीनामा दिनुअघि सहायक राष्ट्रिय सुरक्षा सल्लाहकार मीरा रिकार्डेललाई हटाइयो। त्यसअघि महान्यायाधिवक्ता जेफ सेसन्सले ट्रम्प प्रशासनमा जागिर गुमाएका थिए। ह्वाइटहाउसबाट हटाइनुअघि उनले सन् २०१६ मा भएको राष्ट्रपति निर्वाचनमा रुसले गरेको भनिएको हस्तक्षेपबारे छानबिनलाई लिएर ट्रम्पको आलोचनाको सामना गर्नुपरेको थियो। तर, ट्रम्पको कार्यकालमा ह्वाइटहाउसको जागिरबाट राजीनामा दिने र हटाइएका कर्मचारीहरको सूची निकै लामो भएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत मार्चमा विदेशमन्त्री रिक्स टिलरसनलाई पदबाट हटाएर सीआईएका निर्देशक माइक पोम्पेओलाई विदेशमन्त्रीमा नियुक्त गरे। गत १२ जुनमा भएको उत्तर कोरियाली नेता किम जोङ-उनसँगको शिखर बैठकको विषयलाई लिएर टिलरसनलाई हटाएर ट्रम्पले पोम्पेओलाई नियुक्त गरेका थिए। टिलरसनले १ फेब्रअरी २०१७ देखि अमेरिकी विदेशमन्त्रीको भूमिका निभाएका थिए।

ट्रम्प प्रशासनबाट हटाइएका अर्का प्रमुख व्यक्ति हुन्, जेम्स कोमी। उनी अमेरिकाको संघीय जाँच ब्युरोका निर्देशक थिए। उनले सन् २०१६ मा अमेरिकी राष्ट्रपति निर्वाचनमा भएको भनिएको रुसी हस्तक्षेपका विषयमा अनुसन्धान सुरु गरेपछि ट्रम्पले हटाएका थिए। उनले नै सन् २०१६ मा डेमोक्रेटिक पार्टीकी उम्मेदवार हिलारी क्लिन्टनको व्यक्तिगत इमेल प्रयोगकाण्डको पनि अनुसन्धान गरेका थिए। यसलाई दोस्रो वाटरगेट काण्डका रूपमा लिइएको थियो।

ट्रम्प प्रशासनबाट हटाइएका अर्का प्रमुख व्यक्ति हुन्, राष्ट्रिय सुरक्षा सल्लाहकारको भूमिकामा रहेका माइकल फ्लिन। फेब्रुअरी २०१७ मा उनले राजीनामा दिएका थिए। उनले रुसी हस्तक्षेपका विषयमा रोबर्ट मुलरले जारी राखेको अनुसन्धानलाई सहयोग गरिरहेका छन्।

स्याली येट्स पूर्वराष्ट्रपति बाराक ओबामाले नियुक्त गरेकी सहायक महान्यायाधिवक्ता थिइन्। ट्रम्पले उनलाई महान्यायाधिवक्ताको जिम्मेवारी दिने आश्वासनसमेत दिएका थिए। तर, सत्तामा पुगेको पहिलो साता नै ट्रम्पले केही मुस्लिम राष्ट्रका नागरिकलाई अमेरिका भ्रमणमा रोक लगाउने निर्णयको आलोचना गरेपछि उनलाई हटाइएको हो। उनी त्यसबेला कार्यवहाक महान्यायाधिवक्ता थिइन्। उनले जेफ सेसन्सलाई सिनेटले अनुमोदन गर्नुअघिसम्म कार्यवहाक महान्यायाधिवक्ताको भूमिका निभाएकी थिइन्। उनी ओबामा प्रशासनमा पनि सहमहान्यायाधिवक्ताको जिम्मेवारीमा थिइन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत ७ नोभेम्बरमा जेफ सेसन्सलाई पदबाट हटाएका थिए। अमेरिकी मध्यावधि निर्वाचनको एक दिनपछि उनालाई हटाएका हुन्।

मीरा रिकार्डेल अमेरिकामा ट्रम्पको प्रशासनबाट जागिर गुमाउने प्रमुख व्यक्तिमध्ये एक हुन्। उनी अमेरिकाको पहिलो महिला डेपुटी सुरक्षा सल्लाकारसमेत हुन्। अफ्रिका भ्रमणका क्रममा अमेरिकी प्रथम महिला मेलानिया ट्रम्पसँग असमझदारी बढेपछि उनले ह्वाइटहाउसको जागिर गुमाउनुपरेको हो। तर, उनले अर्को कुनै जिम्मेवारी पाउने अपेक्षा गरिएको छ।

निकी हेली पनि ट्रम्प प्रशासनले दिएको जिम्मेवारीबाट हट्ने घोषणा गरिसकेकी छन्। उनलाई ट्रम्पले राष्ट्रसंघका लागि अमेरिकी राजदूतका रूपमा नियुक्त गरेका थिए। उनले ९ अक्टोबरमा आश्चर्यजनक रूपमा अमेरिकी राजदूतको जिम्मेवारी छाड्ने घोषणा गरेकी थिइन्। उनले यसै वर्षको अन्त्यबाट लागू हुनेगरी सो पद छाडेकी हुन्।

उल्लिखित नाम ट्रम्प प्रशासन छाड्ने केही प्रतिनिधिपात्र मात्रै हुन्। तर, ट्रम्पले सत्ता सम्हालेको करिब दुई वर्षको अवधिमा ५० भन्दा बढीले ट्रम्प प्रशासन छाडिसकेका छन्। यो अवधिमा ट्रम्प प्रशासनबाट बाहिरिनेमा डन म्याघन, जोए हगैन, स्कट प्रुइट, टोम होम्यान, टाइ कोभ, नाडिया स्याड्लो, टोम बोसर्ट, माइकल एन्टोन, एचआर म्याक्मास्टर, डेभिड सुल्किन, जोस राफेल, जोन ड्बड, होप हिक्स, जोन म्याक्विन्टी, जोन फिलिली, ग्यारी क्होन, रचेल ब्रान्ड, डेभिड सोरेन्सन, रोब पोर्टर, टेलर वेन्नेट, ब्रेन्डा फिट्जगेराल्ड, एन्ड्रयु म्याक्युब, मार्क सर्ट, ओमारोसा म्यानिगल्ट न्युम्यान, डिना पावेल, जेरेमी कोट्ज, रिक डियरबर्न, जर्ज सिफाकिस, टोम प्राइस, केथ सिल्लर, सेबास्टियन गोर्का, कार्ल इकाह्न, स्टिभ बेनन्, इज्रा कोह्न-वाटनिक, जर्ज गिगिकोस, एन्थोनी स्कारामुच्ची, रायन्स प्रिबस, डेरेक हार्भे, माइकल सोर्ट, रिच हिगिन्स, मार्क कोराल्लो, वाल्टर साउव, टेरा ड्हाल, माइकल डुब्के, एन्जेला रेइड, विवेक मर्थी, केटी म्याक्फेराल्ड, केटी वालेसलगायत छन्।

## रोचक संसार

### कपालमा विश्व कीर्तिमान



आफ्नो लामो कपालका कारण भारतको गुजराँतकी एकजना किशोरीले विश्व कीर्तिमान कायम गरेकी छिन्।

१६ वर्षकी निलांशी पटेलको कपालको लम्बाई ५ फुट ७ इन्च रहेको छ। योसँगै उनी विश्वमा सबैभन्दा लामो कपाल भएकी किशोरीको रुपमा गिनिज बुकमा दर्ज भएकी छिन्।

१० वर्षअघि निलांशीले एउटा फैसला गरेकी थिइन्, जसले उनलाई यो कीर्तिमानमा पुर्याएको हो। १० वर्षअघि उनले कपाल कटाएकी थिइन्। त्यसरी कपाल काट्दा उनको कपाल निकै कुरुप देखिएको थियो। त्यसपछि उनले कहिल्यै पनि कपाल नकाट्ने फैसला गरिन्। उनले आफ्नो कपालको टुप्पाहरु कत्ति पनि काटिनन्। अन्ततः उनको कपाल अहिले ५ फुट ७ इन्च लामो बनेको छ।

निलांशीलाई उनका साथीहरुले रापुन्जेल भनेर चिन्दछन्। उनले आफ्नो कपाल हप्तामा एकदिन मात्र धुन्छिन्। धोएको कपाल सुकाउन आधा घण्टा लाग्दछ। उनकी आमाले उनको कपाल सम्हाल्न सहयोग गर्दछिन्। कपाल कोरीबाटी गर्न एक घण्टा लाग्दछ।

### अनौठा सजाय

कानूनी शासनमा अपराधीले सजाय पाउँछ। तर सजायका प्रकार भने देशको कानून अनुसार फरक फरक हुन सक्दछन्।

अमेरिकाको मिसौरीमा बस्ने डेभिड बेरीलाई हरिणको सिकार गरेको अभियोगमा एक वर्षसम्म जेलभित्र बसेर महिनामा कम्तीमा पनि एकपटक डिज्नीको बम्बी कार्टून हेर्ने सजाय दिइएको थियो। कार्टुन हेर्दा हेर्दै उनको सोच बदलियोस् भन्ने सदिच्छा प्रशासनको थियो।

सन् २००३ मा अमेरिकाको सिकागोमा दुईजना युवकलाई ४५ दिनको जेल सजाय दिइयो। त्योसँगै उनीहरुलाई आफ्नो गृहनगरमा एउटा गधासँग मार्च गर्ने आदेश पनि दिइयो। उनीहरुमाथि चर्चबाट मूर्ति चोरेको आरोप थियो।

अमेरिकाको ओक्लोहोमामा एकजना हाइस्कुलका विद्यार्थी टाइलर एलरेडले रक्सी खाएर गाडी चलाउँदा गाडी दुर्घटना भयो र उनका साथीको मृत्यु भयो। १७ वर्षका ती किशोरलाई जेल जानबाट बच्नका लागि अदालतले अनौठो शर्त राख्यो। उनले सोही स्कुलबाट ग्राजुएसन गर्नुपर्ने भयो। साथै वर्षभरी लागूऔषध, रक्सी तथा निकोटिन परीक्षण गराउनु पर्ने र दश वर्षसम्म चर्च धाइरहनु पर्ने आदेश अदालतले दिएको थियो।

स्पेनको एन्डालुसियाका एकजना युवकले आफ्ना आमाबुवाले पकेट मनी नदिएको भन्दै अदालतमा मुद्दा हाले। २५ वर्षका ती युवकले आमाबुवाले आफूलाई मासिक ३ सय ९५ युरो रकम पकेटमनी दिनुपर्ने माग गरेका थिए। अदालतले त उल्टै ती युवकमाथि पो सजाय सुनायो। ३० दिनभित्र बुवाआमाको घर छाड्न र आफ्नो खुट्टामा उभिनका लागि अदालतले ती युवकलाई आदेश दियो।

### कालो स्याउ फल्ने ठाउँ



तिब्बतका पहाडी क्षेत्रमा ब्लाक डायमान्ड जातको यो दुर्लभ स्याउ फल्दछ। यसको रङ गाढा बैजनी रङको हुन्छ र झ्वाट्ट हेर्दा कालो देखिन्छ।

स्थानीय भाषामा यो स्याउलाई हुआ नियु भनिन्छ। समुद्री सतहबाट ३१ सय मिटरको उचाईमा यो स्याउको खेती हुन्छ। यो स्याउ फल्ने क्षेत्रको वातावरण विशिष्ठ खालको हुन्छ। दिन र रातको समयमा तापक्रममा उच्च फरक हुन्छ। दिनको समयमा परावैजनी किरणहरु पर्याप्त मात्रामा जमिनसम्म आउँछन्। विशिष्ठ वातावरण तथा परावैजनी किरण नै यो स्याउको अनौठो रङको कारक तत्व रहेको बताइन्छ। यो जातको स्याउ चिनिया बजारमा निकै महंगो मूल्यमा बिक्री हुने गरेको छ।

### सबैभन्दा सानो पार्क

विश्वको सबैभन्दा सानो पार्क कहाँ छ ? धेरैलाई थाहा नहुन सक्छ। वास्तवमा यो कीर्तिमान अमेरिकाको पोर्टल्याण्डले कायम गरेको छ। ४ सय ५२ इन्चको क्षेत्रमा निर्मित उक्त पार्कको नाम मिल इन्ड्स पार्क हो।

पोर्टल्याण्डको ओरेगनमा निर्मित यो पार्कलाई क्रिसमसको अवसरमा सजाइएको हो। सन् १९७१ मा विश्वको सबैभन्दा सानो पार्कका रुपमा यसको



नाम गिनिज बुकमा दर्ज भएको थियो।

दोश्रो विश्वयुद्धका योद्धा तथा पत्रकार डिक फागनको कल्पना तथा सिर्जनाको रुपमा रहेको यो पार्कलाई पोर्टल्याण्डको मनोरञ्जन विभागले निर्माण गरेको हो। सन् १९४८ मा यो पार्क बनाइएको थियो। गत मे महिनामा विभागले त्यहाँ एक आधिकारिक साइनबोर्ड स्थापित गरेको छ। मानिसहरुलाई दुनियाको त्यो सबैभन्दा सानो किर्तिमानी पार्कका बारेमा चिनाउने ध्येय सरकारको छ।

### मृत महिलाबाट बच्चा ?

भारतको मध्यप्रदेशमा एउटा हृदयविदारक घटना भएको छ। स्थानीय कटनी जिल्लामा झुण्डिएर आत्महत्या गरेकी गर्भवती महिलाको कोखबाट जिवित बच्चा जन्मिएको छ। मृत महिलाबाट जन्मिएको बच्चाको अवस्था सामान्य रहेको बताइएको छ।

गत बिहिबारको घटना हो यो। जब खिरहनी क्षेत्रकी लक्ष्मी सिंह नामकी गर्भवती महिलाले अज्ञात कारणले झुण्डिएर आत्महत्या गरिन्। झुण्डिएकी अवस्थामा उनको बच्चा जन्मिएछ।

जन्मिएको बच्चा भुइँमा थियो। तर नाल भने मृतक आमासँगै जोडिएको थियो। त्यस्तो भयानक अवस्था देख्ने बित्तिकै परिवारजनले पुलिसलाई खबर गरे। एम्बुलेन्स सहित पुलिस आयो।




एम्बुलेन्समा आएका डाक्टरले बच्चाको नाल काटे र छुट्टाए। सालनाल छुट्टाएसँगै जन्मिएको बच्चा र मृतक महिलालाई तत्कालै अस्पताल लगियो।

बच्चालाई तत्कालै आइसीयुमा लगियो र उपचार थालियो। उपचारपछि बच्चाको स्वास्थ्य अवस्था सामान्य भएको छ। डाक्टरहरुका अनुसार ती महिला ९ महिनाको गर्भवती थिइन्। जन्मिएको बच्चाको तौल झण्डै दुई किलो छ। आमाको मृत्यु भएपछि गर्भको बच्चा गुरुत्वबलका कारण तल झरेर जन्मिएको को।

ती महिलाका पति सन्तोष सिंहका अनुसार पत्नी अघिल्लो रात खाना खाएर सामान्य अवस्थामै सुतेकी थिइन्। परिवारमा कुनै झगडा भएको थिएन। तर विहान ६ बजे उठेर हेर्दा घरमा पत्नी नदेखेपछि उनले यताउता हेर्न थाले। जब उनी गाई बाँध्ने गोठमा गएर हेरे, पत्नी त्यहाँ पासो लगाएर झुण्डिएकी थिइन्। उनको मृत्यु भैसकेको थियो भने बच्चा चाहीँ जन्मिएर भुइँमा पल्टिरहेको थियो।

### मुसाको चुनौती

विश्वको सबैभन्दा शक्तिशाली मुलुक अमेरिका अहिले मुसाको आतंकसँग जुधिरहेको छ। अमेरिकामाथि मुसाले धावा बोलिरहेको विषयलाई लिएर सोसल मिडियामा मजाकका साथ



उडाइएको छ।

अमेरिकाको राजधानी वासिंटनमा मुसा आतंक बढेको छ। वासिंटनका गल्लीहरुमा घुमिरहेका तथा खाने कुराको खोजीमा फोहोर दानी आसपासमा झुम्मिएका मुसाको संख्या बढिरहेको छ।

समाचार अनुसार वासिंटन डीसीमा हरेक ५ फिटको दूरीमा औषतमा एउटा मुसा देखिन्छ। राष्ट्रपति निवासको चौरमा समेत मुसाको बथान देखिन्छ बेला बेलामा।

फक्स न्यूजका एकजना पत्रकारले ह्वाइट हाउसको चौरमा मुसा देखेको विषयमा ट्वीट गरेपछि उनको ट्वीट निकै चर्चित भयो। मानिसहरुले सोसल मिडियामा अनेक खालका टिप्पणी गर्न थालेका छन्। कतिपयले त मुसा जागिर माग्नका लागि ह्वाइट हाउसमा गएको तर जहाज डुब्न लागेको देखेर फर्किएको भनी टिप्पणी गरेका छन्।

अमेरिकामा मुसा आतंक फैलिएको यो पहिलोपटक भने होइन। सन् २०१५ मा न्युयोर्कको सडकमा यसैगरी मुसा आतंक मच्चिएको थियो।

वासिंटन डीसीले हरेक वर्ष मुसा नियन्त्रणमा धेरै धनराशि खर्च गर्ने गर्दछ। तर पनि मुसाको नियन्त्रणमा सफलता प्राप्त हुन सकेको छैन।

*अनलाइन खबरबाट*

प्रेरक प्रसंग

## हिटलरको विश्वास

जर्मनीका तानाशाह एडल्फ हिटलरले मानिसहरुलाई मार्ने अनौठो उपाय सोच्न थाले। सोच्दासोच्दै उनको दिमागमा ग्यास च्याम्बरको कल्पना फुर्‍यो । एउटा मात्र मानिसको हत्या गर्दा खर्च बढी हुन्छ, गोली खर्च हुन्छ, चिहानघर बढ्छ, सैनिकहरुको समय खर्च हुन्छ भन्ने हिटलरको विचार थियो । यही कारण मितव्ययितालाई मध्यनजर गरेर हिटलरले ग्यास च्याम्बर निर्माण गर्न लगाए। हिटलरअघि कसैले पनि मानिसहरु मार्ने यस्तो अदभूत व्यवस्था गर्न सकेका थिएनन् । चंगेज खाँले पनि मान्छे मारेका थिए, काटेर, घोचेर, झुन्ड्याएर । तर हिटलरले भने मानिसहरुको सामुहिक मृत्युदण्डको अनौठो प्रविधि अपनाए । च्याम्बरमा एकपटकमा पाँच हजार मानिसहरु अँटाउँथे ।

विद्युत्को बटम दबाउनासाथ मानिसहरु बाफमा परिणत हुन्थे । ग्यास च्याम्बर वाष्प इन्जिन जस्तै थियो । एकै पटकमा पाँच हजार मानिसहरु वाष्पीकरणको सिकार हुन्थे । हिटलरले आफ्ना सम्पूर्ण विरोधीहरुलाई ग्यास च्याम्बरमा हुलेर सिध्याएका थिए । उनले खासगरी यहुदीहरुलाई सामूहिक मृत्युदण्ड दिएका थिए । यहुदीलाई दुब घृणा गर्थे हिटलर । उनी संसारमा आर्य जाति मात्र बुद्धिमान हुन् भनेर प्रमाणित गर्न चाहन्थे । कार्लमार्क्स, आइन्स्टाइन जस्ता यहुदीको विश्वख्याति मनपर्दैनथ्यो उनलाई उनी बिरामी हुँदा समेत यहुदी डाक्टरलाई जँचाउँदैनथे । हिटलरले आफ्नो शासनकालमा १ करोड मानिसहरुलाई ग्यास च्याम्बरमा डढाएका थिए । हिटलरको सामूहिक मृत्युदण्डको खबरले विश्व नै स्तब्ध बन्ने गर्थ्यो । हिटलर सबेरै उठ्थे र केही योगासन गर्थे । उनी साकाहारी थिए । मदिरा समेत उनी पिउँदैनथे । यद्यपि उनी क्रोधित स्वाभावका थिए । जब मानिसहरुले हिटलर हत्यारा भएको भन्न बाँकी राखेनन्, जवाफमा उनले भने- म कसरी हत्यारा हुन सक्छु ? मैले जीवनमा मेरो हातले कुनै पनि प्राणीको हत्या गरेको छैन । यदि मृत्युपछि धर्मात्माहरुले कहीँ स्थान साँच्ची पाउँछन् भने मेरा लागि पनि स्थान सुरक्षित हुने छ भन्ने मलाई विश्वास छ ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

परिस्थिति सोचेजस्तो अनुकूल नहुन सक्छ । आवेशमा काम गर्दा विवादमा परिनेछ। नजिकका साथीभाइसँग असमझदारी बढ्नेछ भने काम बिग्रने डरले सताउन सक्छ । बुद्धिको उपयोगले मात्र काम सम्पादन गर्न सकिनेछ । पारिवारिक असमझदारीले आँटेको काममा पछि हट्नुपर्ने स्थिति आउन सक्छ। आफ्नो वस्तुमा अरूले दाबी गर्ने हुँदा व्यवहारमा सजग रहनुहोला ।

### बृष

नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ । पहिलेको उपलब्धिले उत्साह जगाउनेछ । दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ। लगानी गर्दा व्यवसायमा मनग्गे लाभ हुनेछ । मिहिनेतले दिगो फाइदा दिलाउन सक्छ । काममा प्रतिस्पर्धीहरू बढ्नेछन् । योजना प्रारम्भ गर्न केही समय पर्खनुपर्ने देखिन्छ ।

### मिथुन

अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ । वचन पुर्‍याउन नसक्ता आलोचित बन्नुपर्ला । परिस्थिति सबल नदेखिए पनि मिहिनेतले लक्ष्यमा पुर्‍याउनेछ । बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयनमा आउनेछ । शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला । आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ।

### कर्कट

अवसर प्राप्त भए पनि बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउन सक्छ। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउनेछ । केही कठोर निर्णय लिनुपरे पनि चिताएको काम सम्पादन हुनेछ । भेटघाट र खानपानमा समय व्यतीत हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । बिछोडिएका परिवारजनसँग पुनर्मिलन हुनेछ। आफ्नो स्वामित्वका वस्तुमा अरूले दाबी गर्न सक्छन् ।

### सिंह

आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव देखापर्न सक्छ । आम्दानीका स्रोत भने कमजोर बन्नेछन् । बेलैमा होस नपुग्नाले फाइदा गुम्ने देखिन्छ। करकापमा परी काम वा विशेष निर्णय गर्नुपर्ने परिस्थिति आउन सक्छ। काममा हस्तक्षेप गर्नेहरू सक्रिय हुनेछन् भने सहयोगीहरू कमै भेटिनेछन्। आफ्ना कमजोरीबाट लाभ उठाउनेहरू सक्रिय हुने समय रहेको हुँदा सावधान रहनुहोला ।

### कन्या

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् भने आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । आय बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा फाइदा हुनेछ । चल(अचल धनको उपयोगबाट मनग्गे लाभ हुनेछ । पछिसम्म फाइदा हुने कामको जग बसाउने अवसर प्राप्त हुनेछ ।

### तुला

पुराना कामको चर्चा हुनेछ भने प्रयत्न गर्दा उपलब्धिको स्रोत प्राप्त हुनेछ। नियमित कामको अलमलले नयाँ क्षेत्रमा ध्यान दिन नसकिएला । तापनि सहयोगीहरूले राम्रो साथ दिनेछन् । पहिलेको सफलताले पनि हौसला प्रदान गर्नेछ। भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ। विभिन्न भौतिक साधन प्राप्त हुनेछन्। मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ ।

### बृश्चिक

केही समय लागे पनि विभिन्न काम र जिम्मेवारी हात पार्ने मौका छ । शुभचिन्तकहरूले राम्रो सहयोग जुटाउनेछन् । प्रयत्न गर्दा नयाँ काम थालनी हुनेछ। समुदायको हितमा केही विशेष काम गर्न सकिनेछ । धर्मकर्म तथा सेवामूलक काममा प्रवृत्त भइनेछ। आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउनेछ ।

### धनु

परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ । अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ । चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपरे पनि मिहिनेतले लक्ष्यमा पुर्‍याउनेछ । शुभचिन्तक र प्रतिस्पर्धीलाई समेटेर काम लिनुपर्ला । योजना पूर्ण नभए पनि आंशिक लाभ अवश्य हुनेछ । काम तत्काल सम्पादन नभए पनि पछिका लागि सकारात्मक संकेत प्राप्त हुनेछ ।

### मकर

मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा पुग्न समस्या पर्नेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ । रमाइलो क्षणमा पनि मन भने उदास रहनेछ । केही अप्ठ्यारा परिस्थिति आउनाले सोचेको लाभ नमिल्न सक्छ। आफन्तसँग जोगिएर काम लिनुपर्ला । निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । वादविवादले यात्राका क्रममा समस्या निम्त्याउन सक्छ।

### कुम्भ

भौतिक साधन जुट्नाले साहसी काम गरेर लाभ उठाउन सकिनेछ । प्रतिपक्षीसमेत सहयोगी बन्नेछन्। विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ । पुरुषार्थले समाजमा स्थापित बनाउन सक्छ। रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ । भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ ।

### मीन

सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । सहपाठीहरू पछि पर्नेछन् भने मिहिनेतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । व्यापारमा फाइदा र पशुपालन तथा कृषि क्षेत्रबाट राम्रो

## नयाँ म्युजिक भिडियोमा दृष्टि



दृष्टि घिमिरेले जन्मदिनको अवसर पारेर म्युजिक भिडियो सार्वजनिक भएको छ । डी फोर क्रियसनले बजारमा ल्याएको म्युजिक भिडियोमा न्यूयोर्कमा हुर्केकी ७ वर्षीया दृष्टि घिमिरेको नृत्य रहेको छ। दृष्टिको जन्म दिन यही डिसेम्बर २५ किस्रमस डेमा हो। मिलन अमात्यको स्वर रहेको छ । गीतमा संगीत कम्पोजिशन र एरेन्ज हेम लामाको रहेको छ भने रेकडिङ र मिक्सिङ विवेक शाक्यले गरेका छन् । यो म्युजिक भिडियोको निर्देशन विक्की पुलामी मगरले गरेका छन् भने कोरियोग्राफ़र शंकर वि.सी. ले गरेका छन ।

अमेरिकाको न्यूयोर्कमा छायांकन गरिएको यो भिडियोमा देश विदेशमा रहेका नेपालीहरु र विषेश गरी दोस्रो पुस्तामा नेपालप्रति आफ्नो दायित्व बोध गराएको छ । नेपालकी छोरी म्युजिक भिडियो बजारमा अंग्रेज़ी नयाँ वर्ष २०१९ को पूर्व संन्ध्यामा रिलिज़ भएको भिडियोमा विश्वभर छरिएर रहेका नेपालीहरुलाई आफ्नो देशको माटो, संस्कार र संस्कृति, आफूले खेलेको , हुर्केको र रमाएको ठाउँ स्वर्ग जतिकै प्यारो लाग्ने कुरा देखाइएको छ। गीतकार दुर्गा खनालले नेपालकी छोरी गीतमार्फ़त नेपाल र नेपालीको पहिचान गराउन खोजेकी छिन ।

म्युजिक भिडियोमा भृकुटी, सीता र गौतम बुद्ध जन्मेको पवित्र भूमि रहेको अवगत गराउँदै गर्व साथ नेपाली भाषा बोल्ने कसैको भर नपरी जहाँ रहे पनि नेपाली नै भएर बाँच्ने प्रेरणा म्युजिक भिडियोमा छ। सगरमाथा र नेपाली विरताको स्मरण गराउँदै देश विकासमा सबैले हात मिलाउन गीतमार्फत भनिएको छ। गीतमा बाल कलाकार दृष्टिले आकर्षक नृत्य तथा अभिनय गरेकी छन्।

## "रूमालै छ चिनो" को ट्रेलर

ज्योती फिल्मस्को ब्यानरमा निर्माण भएको चलचित्र 'रुमालै छ चिनो'को ट्रेलर सार्वजनिक भएको छ। फागूणको १० गतेबाट यो चलचित्र रिलिज हुँदैछ। रेश्मा थापाको प्रस्तुतिमा तयार भएको यो चलचित्रमा सुशान्त कार्की, किशोर खतिवडा, संचिता लुइटेल, अप्सना थापा, मिथिला शर्मा लगायतका कलाकारको मुख्य भूमिका छ ।

दिनेश सिंह ठकुरीको निर्देशनमा तयार भएको चलचित्रमा चन्द्र बहादुर खड्काको लगानी छ । चलचित्रमा शिव थारुको सम्पादन, सम्राट बस्नेतको एक्सन, रेश्मा थापाको कथा, दिनेश सिंह ठकुरीको पटकथा तथा संवाद, विनोद सापकोटाको छायांकन छ ।

यो चलचित्रले कलेज जीवनबाट इन्डियन आर्मीमा भर्ती भएर जम्बु-काश्मिरमा लडाई लडेको एक नेपाली यूवाको कथा भन्नेछ। यो भूमिकामा कलाकार सुशान्त कार्की देखिएका छन्। सुशान्तले पत्रकार सम्मेलनमा भने-'हो, यो भूमिका गर्नका लागि मलाई गाह्रो पनि भयो । मैले यसका लागि केहि कुराहरु अध्ययन पनि गरेको थिएँ। चलचित्रमा मैले सिक्स प्याक देखाएको छु। लामो समयदेखि यसमा मिहिनेत गरेकाले पनि सिक्स प्याक्स देखाउने रहर मेरो थियो । कथाले पनि मागेपछि देखाएको हुँ ।'

## "जय श्री दाम" युट्युबमा

हलमा चलचित्र चलेको करिब आधा बर्षपछि धेरै निर्माताले सुरुमा १५ मिनेटको दृश्य युटुबमा सार्वजनिक गर्छन् । यो दृश्यले राम्रै चर्चा पाएपछि मात्र पुरा चलचित्र युटुबमा आउने गर्छ। तर, पौषको २० गतेबाट रिलिज हुन लागेको चलचित्र 'जय श्री दाम'को निर्माणपक्षले भने चलचित्र रिलिज अगावै सुरुवातको १५ मिनेट युटुबमा सार्वजनिक गरेको छ ।

यसका निर्देशक विप्लप उप्रेतीले दर्शकलाई सुरुवातकै १५ मिनेटको दृश्य मन परेको खण्डमा हलमा आउने बताए । उनले भने-'हामीले एउटा नयाँ प्रयोग गरेका हौ । सुरुवाती १५ मिनेटको दृश्यले दर्शकलाई आकर्षित गरेको खण्डमा पक्कै पनि उहाँहरु हलमा आउनुहुनेछ भन्ने हामीलाई लागेको छ ।'

दामका लागि हुने संघर्षको कथालाई कमेडीमा प्रस्तुत गरिएको यो चलचित्रमा अमृत ढुंगाना, विनोद न्यौपाने, राजन खतिवडा, प्रमोद अग्रहरि, जेबिका कार्की, विष्णु सापकोटा लगायतका कलाकारको मुख्य भूमिका छ ।

चलचित्रका कार्यकारी निर्माता पृथ्वी उप्रेती र मनोज उप्रेती हुन् । चलचित्रमा सुशान्त गौतमको संगीत, मित्र डी गुरुङको सम्पादन, विप्लप उप्रेती र अमरदिप सापकोटाको पटकथा, नवराज उप्रेतीको छायांकन, प्रविण आचार्यको डीओपी छ।

## "छक्का पन्जा" टिम अर्को प्रोटेक्टको तयारीमा

चलचित्र 'छक्का पन्जा ३' हिट भएपछि यसको निर्माण कम्पनीले अर्को प्रोजेक्ट कुन गर्ने छ भन्ने चर्चा र कौतुहलता चलचित्र बजारमा चलिरहेको थियो । अब, भने यो टिमले अर्को प्रोजेक्टको तयारी थालेको छ। यसपटक भने आमा सरस्वती मुभिजसँग अर्को एक निर्माण कम्पनीको पनि टिमअप भएको छ ।

चलचित्र 'गाजलु' निर्माण गरेर चलचित्र क्षेत्रमा भित्रिएका निर्माता रोहित अधिकारीसँग यसपटक दिपकराज गिरी र उनको टिमले टिमअप गरेको हो । यी दुई कम्पनी मिलेर चाडै नै नयाँ चलचित्र निर्माण गर्दैछन् जसको छायांकन वैशाखबाट सुरु हुनेछ। निर्माता रोहित अधिकारीले आमा सरस्वती मुभिजसँग टिमअप हुन लागेको स्विकार गरे ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Loutish = अश्लिल पाराको She does not like his loutish behaviour (उनी उसको अश्लिल व्यवहार मनपराउँदिनन्)

Muse = गहिरिएर सोच्नु While musing about the past, he ignores everything around him (जब जब ऊ बितेका दिनतर्फ गहिरिएर सोच्न थाल्छ आफ्नै वरिपरिको कुराहरूको पनि उसलाई वास्ता हुँदैन )

Niggardly= नाम मात्रको Hundred rupees a month of a niggardly pittance to the elders has no meaning (जेष्ठ नागरिक भनी दिइएको महिनाको १०० रुपैयाँको नाममात्रको भत्ताको कुनै महत्व छैन)

Overbearing = आफ्नो इच्छा अरुमाथि लाद्ने बानी, लिँडे ढिपी गर्ने बानी As he did not like the overbearing manner of his girlfriend, he broke the friendship (आफ्नो केटी साथीको लिँडे ढिपी गर्ने बानीले गर्दा उसले उनीसँगको मित्रतालाई त्याग्यो)

Presumptuous = आफूले गरेको निर्णय अरूको लागि मान्य हुनु पर्दछ भन्ने भावना । कसैलाई केही कुराको लागि बाध्य पार्नु Would it be presumptuous of me to ask you to donate ? (मैले तपाईंसँग चन्दा माग्दा कतै तपाईंलाई मैले बाध्य पारेँ भन्ने ठान्नु हुन्छ कि ?

Quail= डराएको अनुभव गर्नु She quailed to address a big crowd for the first time in his life (पहिलो पटक एक ठूलो जमातको अगाडि बोल्नु पर्दा तिनले डराएको महसुस गरिन्)

Ruminate = लगातार चपाइरहनु, उग्राउनु Goats and cows graze fast and ruminate at leisure (बाख्रा र गाईहरू छिटोछिटो चर्छन र फुर्सतमा उग्राउँछन्)

Strut = घमण्डले फुलेर हिँडनु She passed us struted by ignoring our greeting (हाम्रो अभिवादनलाई वास्ता नै नगरी उनी हामी हुँदै अगाडि लागिन)

Tumid = क्लिष्ट His presentation is loved by all because he prefers writing less tumid poems (उसका कविताहरू कम क्लिष्ट भएको हुँदा सबैले उसका प्रस्तुतिलाई मन पराउँछन्)

Unsavory = वेस्वादको, असंवेदनशील, अमिल्दा, I do not like the unsavory mixture of curry and stale rice (तरकारीसँग मिसाइएको वेस्वादको बासी भात मलाई मन पर्दैन)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

प्रसिद्ध तीर्थस्थल 'श्रीनगर' कुन जिल्लामा पर्छ ?

■ पाल्पा

सबैभन्दा पहिले एमएस्सी गर्ने नेपाली को हुन् ?

■ रामचन्द्र ठाकुर

संगीत प्रेमी माछाको नाम के हो ?

■ डल्फिन

नोट गन्ने मेसिनले प्रति मिनेट कतिवटा नोट गन्छ ?

■ १०००

सगरमाथामा चंगा उडाउने प्रयास गर्ने देश कुन हो ?

■ नर्वे

सतित्व बचाउन हिन्दु नारीहरुले अग्निमा हामफालेर मर्ने प्रक्रियालाई के भनिन्छ ?

■ जैहर व्रत

नेपालमा खेर गइरहेको जमिन कति प्रतिशत छ ?

■ १२.३ प्रतिशत

जीवित देवीको रुपमा पुजिने कुमारी कुन जातिका छोरी हुन् ?

■ ताम्रकार

पेटमा दाँत भएको जन्तुको नाम के हो ?

■ गंगटा

'नेपाल वन महोत्सव' कहिले मनाइन्छ ?

■ असार १३

एमए पास गर्ने प्रथम नेपाली महिला को हुन् ?

■ सिद्धि शाह

इन्डोनेसियाको राजधानीको नाम के हो ?

■ जकार्ता

## Put बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Put somebody forward = कसैलाई प्रस्तुत गर्नु Chandra Has been put forward as new leader pf the party चन्द्रलाई पार्टीको नयाँ नेताको रुपमा प्रस्तुत गरिएको छ ।

Put something forward = पर सार्नु The date of wedding as been put forward by one week विवाहको समारोह एक हप्तापछि सारिएको छ ।

Put somebody in = घुसाउनु We don't want to put him in our team हामी उसलाई हाम्रो टोलीमा घुसाउन चाहन्नौ ।

Put something in = मिसाउनु Do not put water in a good whiskey राम्रो ह्विस्कीमा पानी नमिसाउ ।

Put something in = घुसाउनु He does not want to put these points in his report उसले आफ्नो प्रतिवेदनमा यी बुँदा घुसाउन चाहँदैन ।

Put time in = छुट्टाउनु I must put in an hour gardening everyday मैले हरेक दिन १ घण्टा बगैंचाको लागि छुट्टाउनु पर्छ ।

Put something into = संचालनमा ल्याउनु, We put his ship into water this week यो हप्ता हामी यो पानीजहाज संचालनमा ल्याउँछौं ।

Put oneself into = आफूलाई सहभागी बनाउनु She put herself in ten kilometer long marathon this time यो पटक तिनले आफूलाई १० किलोमिटर लामो दौडमा सहभागी बनाउँछिन् ।

Put somebody in for something = सिफारिस गर्नु This time my boss has put me in for a medal यो पटक मेरो हाकिमले मलाई तक्मा सिफारिस गरेको छ ।

Put off = फुकाल्नु Put off the shoes before entering into the room कक्षमा प्रवेश गर्नु अगाडि जुत्ता फुकाल

## सुडोकु-अंक १३१

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | ८ | | ५ | | २ | | |
| | | ९ | | | ६ | | | ७ |
| | ४ | ७ | | | | | | |
| | | | | | | ८ | ९ | |
| | ५ | | | १ | | | ३ | |
| | १ | २ | | | | | | |
| | | | | ७ | | ५ | ६ | |
| ४ | | | ७ | | | १ | | |
| | | ६ | | ४ | | ९ | | |

## अंक १३० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८ | ३ | २ | ६ | ५ | ९ | ७ | ४ |
| ७ | २ | ६ | १ | ९ | ४ | ३ | ५ | ८ |
| ९ | ५ | ४ | ८ | ७ | ३ | २ | १ | ६ |
| ३ | ४ | १ | ६ | ८ | ९ | ५ | २ | ७ |
| ५ | ७ | ९ | ४ | ३ | २ | ६ | ८ | १ |
| ८ | ६ | २ | ५ | १ | ७ | ४ | ३ | ९ |
| २ | ३ | ८ | ७ | ४ | ६ | १ | ९ | ५ |
| ४ | ९ | ७ | ३ | ५ | १ | ८ | ६ | २ |
| ६ | १ | ५ | ९ | २ | ८ | ७ | ४ | ३ |

# नयाँ नेपाल : एसिया र विश्वमा यसको स्थान[१]

## (अन्तर्राष्ट्रिय तनावहरू बढिरहेको अवस्थामा नेपाल अघिका भूरणनीतिक चुनौती र अवसरहरूको अध्ययन)



● क.सी.पी.मैनाली

**१. वसन्त क्रान्तिका भित्री कुरा**

१.१. वर्तमान नयाँ नेपालको कुरा गर्दा यसलाई जन्माउने सन् २००६ को राजतन्त्र बिरोधी वसन्त क्रान्ति भित्र ननिहाली वास्तविकतावारे साँचो जानकारी हुन सक्तैन ।

१.२. सन् १९९० मा निरङ्कुश निर्दलीय पंचायती ब्यवस्था बिरुद्ध लगभग ३० वर्षपछि संगठित राष्ट्रिय संयुक्त जनआन्दोलनद्वारा देशमा सम्वैधानिक राजतन्त्र सहितको बहुदलीय ब्यवस्था ल्याउने राजनीतिक क्रान्ति सम्पन्न भएको थियो । त्यस राजनीतिक क्रान्ति पश्चात परिवर्तनकारी प्रमुख राजनीतिक पार्टीहरू (प्रजातान्त्रिक समाजवादी पार्टी-नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) ले अपेक्षित राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा प्रगतिशील परिवर्तन ल्याउन सकेनन् । त्यस्तो अवस्थामा परम्परागत सामन्ती राजतन्त्र तथा नवस्थापित संसदीय बहुदलीय ब्यवस्थाको बिरुद्ध नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले सन् १९९६ को फेब्रुअरीदेखि जनगणतन्त्रको स्थापनाको लागि भनेर सशस्त्र संघर्ष शुरु गऱ्यो । सकारात्मक ढंगले भन्दा त्यो कम्युनिष्टहरूको आदर्शवादी र संवेगात्मक तात्कालिक लक्ष्य मात्र हुनसक्थ्यो, तर वस्तुतः त्यो एक उग्रवामपंथी कार्य थियो । सन् १९९८ देखि माओवादी आन्दोलनको मुख्यालय खुला सीमाना भएको दक्षिणको छिमेकी देश भारतमा सारियो । स्मरण रहोस्, औपनिवेशिक ब्रिटिस-भारतकाल (सन् १७५७-१९४७)देखि नै भारतीय प्रशासन विस्तारवादी रहँदै आएको छ । भारतीय स्वतन्त्रता (अगष्ट १९४७) पछि पनि त्यसमा तात्विक परिवर्तन भएको छैन । त्यसले नेपाललाई नियन्त्रण गर्ने वा अधिनस्थ बनाउने कुनै अवसरलाई पनि छोडदैन । अतः भारतीय भूमिबाट संचालित माओवादी आन्दोलन भारतको निम्ति आफ्नो स्वार्थी रणनीति लागु गर्ने स्वर्णअवसर बन्न पुग्यो ।

१.३. भारतीय प्रशासनको परोक्ष सहयोगमा माओवादी सशस्त्र संघर्षले दश वर्ष नपुग्दै नेपालको राजतन्त्र उन्मुलन गर्ने शक्ति संचय गऱ्यो । यस्तो अवस्थामा भारतीय मध्यस्थतामा सशस्त्र संघर्ष संचालन गरिरहेको माओवादी पार्टी र दरवार नरसंहार (जुन १,२००१) पश्चात् गद्दीनसीन नयाँ राजा ज्ञानेन्द्र शाहको प्रतिगमन तथा निरंकुशतन्त्रको बिरोधमा देशभित्र शान्तिपूर्ण ढगंले राष्ट्रिय रूपमा संयुक्त जनआन्दोलन संचालन गरिरहेको सातदल गठवन्धन वीच भारतको नयाँ दिल्लीमा १२ वुदे दोश्रो दिल्ली सम्झौता[२] सम्पन्न (नोभेम्बर २२, २००५) भयो । यस सम्झौताको आधारमा संगठित दोश्रो राष्ट्रिय संयुक्त जनआन्दोलनले अप्रिल, २००६ मा राजतन्त्र -बिरोधी क्रान्ति सम्पन्न (अप्रिल २४,२००६) गऱ्यो । यो परिघटना देशमा प्रगतिशील परिवर्तन ल्याउने ऐतिहासिक कार्य बन्नु सँगसँगै विदेशी हस्तक्षेपलाई घनीभूत रुपमा भित्र्याउने राजमार्ग पनि बन्न पुगेको छ । यस सन्दर्भमा भारतीय विस्तारवादी प्रशासनले गरेका कार्यहरू आज कसैको अघि गोप्य रहेको छैन । यस्तो राजनीतिक परिवेशमा भएको वसन्त क्रान्तिको परिणामस्वरूप निर्वाचित पहिलो संविधानसभाको पहिलो बैठक (मई २८,२००८) ले विधिवत रूपमा शाहवंशीय राजतन्त्रको उन्मूलन गरी नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र कायम गरिएको घोषणा गरेको हो ।

**२. संविधानसभाबाट जारी नयाँ संविधान कार्यान्वयनमा**

२.१. नेपालमा एक पछि अर्को गर्दै दुई पटक संविधानसभाका निर्वाचन भए । विश्वमा यस्तो विरलै हुने गर्दछ ।

२.२. पहिलो निर्वाचन २००८ को मार्चमा सम्पन्न भयो । आफैले पटक-पटक समय थपेर संविधानसभाले दुई वर्षको कार्यकाललाई चार वर्षको बनायो । तैपनि, त्यसले त्यस म्यादभित्र पनि नयाँ संविधान निर्माण गर्न सकेन । आफ्नो लक्ष्य प्राप्तिमा असफल बनेको पहिलो संविधानसभाको मई २७, २०१२ मा विघटन भयो । यस असफलताको कारण संविधानका कतिपय महत्वपूर्ण अन्तरवस्तुहरू (जस्तो : प्रदेश गठन गर्ने आधार, शासकीय प्रणाली, राज्यमा धर्मको हैसियत, जनप्रतिनिधि निर्वाचित गर्दा जनसंख्या र भूगोलको सही अनुपात निर्धारण आदि) बारे राजनीतिक पार्टीहरू, विशेषतः प्रमुख पार्टीहरूवीच सहमति हुन नसक्नु देखिएको थियो । तर वास्तविक कारण चाहि उपरोक्त अन्तरवस्तुहरूबारे बाह्य शक्तिहरूको रणनीतिक स्वार्थमा मेल हुन नसक्नु रहेको थियो ।

२.३. वाह्य शक्ति प्रेरित राजनीतिक द्वन्दको कारण सर्वोच्च अदालतका तत्कालिन बहालवाला प्रधान न्यायधिश खिलराज रेग्मीको अध्यक्षतामा गठित (मार्च १४, २०१३) निर्वाचन सरकार ("मन्त्री परिषद्") को नेतृत्वमा २०१३ को नोभेम्बर १९ मा दोश्रो संविधानसभाको निर्वाचन भयो ।

२.४. अप्रिल २५, २०१५ मा नेपालमा ७.८ रेक्टर स्केलको बिनाशकारी भुकम्प आयो । जनधनको ठूलो क्षति भयो । भूकम्प पीडित देशवासीहरूको यथाशीघ्र संविधान ल्याउनु पर्ने आर्तनादपूर्ण आग्रहले गर्दा वाह्य शक्तिको तत्काल संविधान जारी नगर्ने ठूलो राजनीतिक दवावको प्रतिवाद गर्दै प्रमुख राजनीतिक दलहरू संविधानसभाद्वारा नयाँ संविधान जारी गर्न (सेप्टेम्वर २०, २०१५) सफल भए । यस कार्यवाट क्षुब्ध बनेको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको प्रशासनले तत्कालैदेखि नेपाल विरुद्ध व्यापार-पारवहनमा नाकावन्दी लगायो । यस प्रकार भारतीय प्रशासन जारी भइसकेको नेपालको संविधानमा आफ्ना रणनीतिक स्वार्थ अनुकुलका संशोधन थोर्पन चाहान्थ्यो, जुन नेपालको स्वतन्त्रता र सार्वभौमसत्ता विरुद्धको नाङ्गो हस्तक्षेप थियो ।

के.पी. ओली प्रधानमन्त्री रहेको तत्कालिन नेपाल सरकार, नेपालका अधिकांश राजनीतिक पार्टीहरू र आम जनताले भारतीय हस्तक्षेप (नाकावन्दी) को डटेर प्रतिवाद गरे । यसप्रति धेरै मित्र-राष्ट्रहरू र विश्व जनमतको समर्थन र साथ रह्यो । परिणामतः पाँचौ महिना लागे पछि (सेप्टेम्वर २२, २०१५ देखि फरवरी १६, २०१६) नरेन्द्र मोदीको भारतीय प्रशासन उक्त अन्यायी र अमानवीय नाकावन्दीलाई अन्त्य गर्न बाध्य भयो । तर आजसम्म पनि भारतीय सरकारले न उक्त नाकावन्दीको जिम्वेवारी स्वीकारी परोक्षरूपमै सही, त्यसप्रति पश्चताप गरेको छ, नत त्यसले नेपाली जनताद्वारा निर्वाचित दोश्रो संविधानसभाको ९५ प्रतिशत सभासदहरूको सहभागितामा जारी गरिएको नेपालको नयाँ संविधानलाई नै स्वागत गरेको छ । तैपनि, नेपाली जनता बिभिन्न मत-बिरोधहरूका साथ संविधानसभाबाट जारी गरिएको नेपालको सङ्घीय गणतान्त्रिक र समावेशी लोकतन्त्रात्मक संविधानलाई सम्मान र कार्यान्वयन गरिरहेका छन् ।

**३. वर्तमानको नयाँ नेपाल कता ?**

३.१. नाकाबन्दीकालीन सत्ताधारी राजनीतिक गठबन्धनको दोश्रो ठूलो घटक पार्टी नेकपा (माओवादी-केन्द्र) ले गठवन्धनप्रति विश्वाघात गर्दै तत्कालीन सरकार विरुद्ध अविश्वासको प्रस्ताव संसदमा दर्ता गरेपछि प्रधानमन्त्री ओलीले राजिनामा गरे (अगष्ट ३, २०१६) । सरकार ढल्यो । त्यही दिन नयाँ राजनीतिक गठबन्धन (माओवादी-केन्द्र, नेपाली काँग्रेस, मधेस-केन्द्रित दलहरू आदि) को माओवादी-केन्द्रको नेतृत्वमा नयाँ सरकार गठन भयो । यो पहिलो सरकारले आपसी सहमतिमा राजीनामा गरेपछि नेपाली काँग्रेसको नेतृत्वमा दोश्रो सरकार निर्माण भयो (जून ७, २०१७) । मूलभूत रूपमा यस सरकारले २०१७ को मई १४ देखि डिसम्बर ८ सम्ममा नयाँ संविधान अनुसार तीनवटै (स्थानीय, प्रादेशिक र सङ्घीय) तहका निर्वाचन चरणवद्ध रूपमा सम्पन्न गऱ्यो ।

३.२. सङ्घीय तथा प्रादेशिक तहका निर्वाचन हुनुपूर्व नेकपा (एमाले) र नेकपा (माओवादी-केन्द्र) ले तात्कालिक राजनीतिक नीतिहरू (जस्तोः तात्कालिक संविधान संशोधनको विषयबारे यिनीहरूका अडानहरू पूर्णतः विपरित रहेका थिए) बारे समेत सहमति नबनेको अवस्थामा पनि निर्वाचन गठवन्धन कायम गरे (अक्टुवर ३, २०१७) । यसको उद्धेश्य निर्वाचनमा प्राविधिक ढंगले आ-आफ्नो पार्टीको हैसियत बचाउनु र बहुमत हासिल गर्नु बाहेक अरु केही देखिदैन । जनतामा आकर्षक निर्वाचन घोषणपत्र बाड्दै र स्थीर सरकार बनाउने तथा आर्थिक समृद्धि बढाउने नारा लगाउदै विघटित संसदको दोश्रो र तश्रो हैसियतमा रहेका यी दुई दल संयुक्त रूपमा चुनावी प्रतिस्पर्द्धामा उत्रिए र आशातीत सफलता प्राप्त गरे । सङ्घीय संसदका कुल २७५ (प्रत्यक्ष निर्वाचित १६५ + समानुपातिक निर्वाचित ११०) स्थानमध्ये उनीहरू दुवैले मिलेर १७४ स्थान (प्रत्यक्ष ११६ + समानुपातिक ५८) प्राप्त गरे, जुन दुईतिहाई (१८४ स्थान) को नजिक छ । यो गठबन्धनको सरकार फरवरी १५, २०१८ मा गठन भयो, जसको प्रधानमन्त्री के.पी.ओली रहेकाछन् । यस गठबन्धनमा अर्को (१० + ६ स्थान भएको) मधेस-केन्द्रित दल, सङ्घीय समाजवादी फोरम सामेल (जुन १,२०१८) भएपछि वर्तमान सरकार दुईतिहाई बहुमत प्राप्त शक्तिशाली सरकार बनेको छ । चुनावी गठबन्धन गर्ने दुई कम्युनिस्ट नामधारी पार्टी एकिकृत भई (मई १७, २०१८) साझा नाम नेपाल कम्युनिष्ट पार्टी (नेकपा) अपनाएका छन् । सङ्घीय नेपालमा संविधानतः ७ वटा प्रदेश छन् । तीमध्ये ६ वटामा नेकपा (नेकपा) का सरकार रहेका छन् । सङ्घीय नेपालमा ७५३ वटा नगरपालिका र गाँउपालिकाहरू छन्, जसमध्ये वहुसंख्यक पालिकामा नेकपा (नेकपा) कै स्थानीय सरकार कायम भएका छन् ।

३.३. नयाँ संविधानको आधारमा भएको निर्वाचनमा भारतको मोदी प्रशासनले नाकावन्दीद्वारा नेपाल विरुद्ध गरेको नाङ्गो हस्तक्षेपको विरुद्ध दृढतापूर्वक उभिएर अर्को छिमेकी जनगणतन्त्र चिनसँग व्यापार तथा पारवहन सन्धी गर्ने, कनेक्टिभिटी बढाउने, विविध क्षेत्रमा सुविचारित ढंगले चीनिया लगायत विदेशी लगानी आमन्त्रण गर्ने र सी जिङ्पिङ्गद्वारा अघि बढाइएको वि.आ.इ महापरियोजनामा सहभागी हुने निर्णय गरेकोले र आकर्षक निर्वाचन घोषणाद्वारा विविध प्रतिवद्धताहरू बाँडेकोले नेकपा (नेकपा) ले असाधारण ऐतिहासिक सफलता हासिल गऱ्यो । के आजको नयाँ नेपालमा मार्क्सवादी समाजवादको बाटो अपनाई जनगणतन्त्र कायम गर्न खोजिदै छ ? केही "मनोगतवादी क्रान्तिकारी"हरूले यस्तो गर्ने सोचेका भए पनि शासक पार्टी नेकपा (नेकपा) को नविनतम नीतिपत्र (पार्टी एकीकरणको राजनीतिक प्रतिवेदन) अध्ययन गर्दा यसो गर्न चाहेको संकेतसम्म पाइदैन । विशेषतः साम्राज्यवादी देशहरूमा बढिरहेका असहिष्णु, अनुदार, दक्षिणपन्थी, संकीर्ण राष्ट्रवादी, स्वार्थी र प्रभूत्ववादी नीतिहरूले गर्दा बिश्वमा तनाब तथा द्वन्द वढिरहेका छन् । र, भूराजनीतिक कारणले गर्दा नेपाल झन सम्वेदनशील बनिरहेको छ । यस्तो राजनीतिक परिवेशले नेपाललाई उक्त दिशा लिने अनुमति दिदैन, साथै नयाँ संविधान यस्तो कार्यलाई अवरोध गर्छ । संवेग र महत्वाकांक्षबाट वशिभूत भएर कसैले त्यस्तो परिवर्तनको निम्ति तत्काल पहल गर्छ भने उसले कठोर प्रतिवाद र अवरोधहरूको सामना गर्नुपर्नेछ, यद्यपि वाह्य विस्तारवादी तथा साम्राज्यवादी शक्तिहरू त्यसलाई हुर्काउन, परोक्ष रुपमै सही, भरमग्दुर प्रयत्न गर्नेछन् ।

आज नयाँ नेपालका कार्यभार हुन् : देशका सबै बिचार धाराका (कम्युनिष्ट, वामपंथी, लोकतन्त्रवादी र राष्ट्रवादी) देशभक्त शक्तिहरू बीच सहकार्य बढाउनु; प्राप्त प्रगतिशील उपलब्धीहरूको रक्षा र कार्यान्वयन गर्नु; अग्रगामी राजनीतिक-आर्थिक-सामाजिक परिवर्तनहरूको निम्ति राजनीतिक संघर्ष गर्नु; वजार आधारित सामाजिक पुँजीवादको आधारमा न्याय, समानता र समावेशीतामा आधारित समृद्धिको विकास गर्नु; ब्यापार र पारवहनमा विविधता ल्याउँदै अर्थतन्त्रमा स्वावलम्वन र स्वनिर्भरता बढाउन जोड दिनु; पूर्वाधारहरूको निर्माण, स्वदेशी उर्जाको दोहन, कृषि, जडीवुटी, पर्यटन, सेवाक्षेत्र आदिको ब्यवसायीकरणलाई प्राथमिकता दिनु; राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउने आधारमा वाह्य लगानीलाई प्रोत्साहित गर्नु; वी.आर.आई.महापरियोजनामा सामेल भई राष्ट्रको आर्थिक सामर्थ्यलाई बढाउनु; राष्ट्रिय हितहरू, स्वतन्त्रता, सार्वभौमसत्ता र भूअखण्डा रक्षा निम्तिका राजनीतिक संघर्षलाई गंभीरताका साथ अघि बढाउनु; वर्तमान सन्दर्भमा सङ्घीयतालाई मुलुक सुहाँउदो बनाउने संघर्ष गर्नु; संविधानद्वारा जातीय पहिचान कायम गर्नु र प्राप्त समानता तथा समावेशीकरणलाई संविधानका पानाहरूबाट बाहिर निकाली व्यवहारमा लागू गर्नु; असंलग्नता, पञ्चशीलका सिद्धान्तहरू तथा भूराजनीतिक सन्तुलनका आधारमा बिदेश नीति संचालन गर्नु; मूल्यमान्यतायुक्त राजनीति तथा लोकतन्त्र, विधिको शासन, मानव अधिकार र प्रेस स्वतन्त्रताको सम्मान गर्नु, विविध विभेदहरूको उन्मूलन, भ्रष्टाचारको उन्मूलन, समानता र न्यायको संरक्षण, पर्यावरणको रक्षा गर्नु, आदि ।

उपरोक्त कार्यभार पूरा गर्ने कार्यसँगसँगै समाजमा विद्यमान सामन्तवाद, फैलिइरहेको दलाल तथा आफन्त पुँजीवाद, विस्तारवाद तथा साम्राज्यवाद, उपनिवेशवाद तथा नवउपनिवेशवाद आदिको ठोस विरोध हुदै जानेछ । यसले वर्गीय ध्रुवीकरणलाई बढाउदै लानेछ । सहीढंगले संचालन गरेको खण्डमा त्यसबाट समाज परिवर्तनकारी यस्तो शक्ति पैदा हुनेछ, जसले उपयुक्त परिवेश र समयमा समाजलाई आमूल परिवर्तन गर्न सक्नेछ ।

**४. वर्तमान सत्ताधारी दल कता ?**

४.१.आधुनिक समयमा कृयाशील, बलियो र प्रभावशाली राजनीतिक पार्टीको राजनीतिक चरित्र र कार्यदिशाले समाजको वर्तमानलाई मात्र होइन, भबिष्यलाई समेत गंभीर रूपमा प्रभावित पार्दछ । २०१७ सन्मा भएका तीनवटै तहका निर्वाचनबाट अगाडि आएको नेकपा (नेकपा) ले वर्तमान नयाँ नेपाल निम्ति कस्तो भूमिका खेल्ने हो ? सर्वत्र जिज्ञासा उठेका छन् । अतः यस पार्टीको कार्यदिशाको अध्ययन र विश्लेषण हुनु आवश्यक छ ।

यस रचनामा नेकपा (नेकपा) को सम्बन्धमा विस्तृतरूपमा चर्चा गर्न सकिदैन । अतः यहाँ त्यसको विस्तृत अध्ययन-विश्लेषणलाई सहयोग गर्नसक्ने केही सूचकहरूको मात्र उल्लेख गरिनेछ ।

नेपाल कम्युनिष्ट पार्टीको स्थापना दोस्रो विश्वयुद्धको समाप्तिपछि कोत-नरसंहार (सेप्टेम्वर १८४६) बाट नेपालमा कायम रहदै आएको राणा परिवारको निरंकुश शासन (राणाशाही) बिरोधी जागरण र संघर्ष समाजमा विस्फोटित हुन थालेको अवस्थामा अप्रिल २२, १९४९ मा भएको हो । यसका संस्थापक नेता र अद्यावधि बैचारिक ध्रुवको रूपमा सम्मानित रहेका कमरेड पुष्पलाल श्रेष्ठ हुन् । यसको ७० बर्ष लामो इतिहास बनेको छ । यस अवधिमा यसले गरेका संघर्ष, यसले प्राप्त गरेका सफलता र असफलताहरू, यसले पार गरेका उकाली-ओराली र घुम्तीहरू मात्रकै सँगालो पनि एक यस्तो महाग्रन्थ वन्नेछ, जसको वैज्ञानिक अध्ययनबाट यसको वर्तमान कार्य र भबिष्य निर्माणको निम्ति सही मार्गदर्शन लिन सकिन्छ ।

बिभिन्न घरेलु र अन्तर्राष्ट्रिय कारणहरूले गर्दा सन् १९६० पश्चात् नेकपा बिभाजनको श्रृंखलामा फस्यो । बिभाजनले एकता र एकीकरणको आवश्यकतालाई बढाउँछ । नेपालको विभाजित कम्युनिष्ट आन्दोलनमा पनि समय-समयमा विभिन्न पार्टी-समूहहरूबीच एकीकरण हुने कार्य पनि भए । त्यही शिलशिलामा प्राविधिक रूपले चुनावी सफलता पाउने उद्देश्यले नै मात्र भए पनि त्यस बेलाका दुई ठूला कम्युनिष्ट पार्टी समूहहरू- नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी-केन्द्र) ले २०१७ को अक्टुवरमा निर्वाचन गठबन्धन गरे । गठबन्धनले निर्वाचनमा प्राप्त गरेको अभूतपूर्व सफलतापछि तिनीहरूले आफ्नो स्वार्थरक्षाको निम्ति मात्र भए पनि मई २०१८ मा नेकपा (नेकपा) को नाममा एकीकृत भए । यस एकीकरणले नेकपाको प्रभाव र साँगठनिक आकारलाई व्यापक बनाएको छ । तर यसको राजनीतिक चरित्र र कार्यदिशा मार्क्सवादी मान्यताबाट थप स्खलित गरेको छ । यही वास्तविकतालाई सामना गर्न नसकेर हुनुपर्छ, दुई पार्टी एकीकृत भई नेकपा (नेकपा) बनेको सात महीना वितिसक्ता पनि केन्द्रीय कमिटी बनाउने र प्रादेशिक तहका ४/४ जना पदाधिकारी तोक्ने काम गर्नुभन्दा अघि पार्टी एकीकरण बढ्न सकेको छैन । वस्तुतः त्यो धरापमा फँस्न पुगेको छ ।

नेकपा (नेकपा) ले पार्टीको नाम कम्युनिष्ट राखे पनि, हँसिया-हथौडा अंकित रातो झण्डा फहराउन नछोडे पनि र मार्क्सवाद अवलम्वन गर्ने घोषणा गरिरहेको भए पनि निम्न कार्यहरूले त्यो मार्क्सवादी सिद्धान्त र आदर्शबाट स्खलित भइसकेको पुष्टि गरेकाछन् : (i) यसले नेपालको राष्ट्रिय जनबादी क्रान्ति पूर्ण भएको ठहर गरेको छ, (ii) यसले राजतन्त्रको अन्त्य भएकोले सामन्तवादको अन्त्य भई समाज पुँजीवादी बनेको घोषणा गरेको छ, (iii) यसले नेपाल औपचारिक रूपमा मात्र होइन, वास्तविक रूपमै स्वतन्त्र र सार्वभौम बनिसकेको मूल्याङ्कन गरेको छ, (iv) यसले वर्तमान वर्गीय संरचना र राजनैतिक व्यवस्थापनमा शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्द्धा मार्फत् समाजवाद निर्माण गर्ने कार्यदिशा लिन पुगेको छ, आदि । अघिल्ला तीनवटा निर्धारण वस्तुस्थिति र मार्क्सवादी निर्धारण बिपरित रहेका छन्, भने चौथो निर्धारणले प्रजातान्त्रिक समाजवादको पक्षपोषण गर्छ, जो मार्क्सवाद सँगत छैन् ।

कैयौं गलत विश्लेषणहरू सहित नेकपा (नेकपा) ले आफूलाई मार्क्सवादी कम्युनिष्ट पार्टीबाट 'प्रजातान्त्रिक समाजवादी' पार्टीमा रूपान्तरित गर्ने अभिष्ट राखेको देखिन्छ । तर यो कम्युनिष्ट पृष्ठभूमिका कारण जनताबाट पाइरहेको समर्थनलाई पनि कायम राख्न चाहन्छ । र, लागू नगरे पनि १९५५ सन्देखि 'प्रजातान्त्रिक समाजवाद'को झण्डा फहराउँदै आएको पुरानो बुर्जुवा पार्टी-नेपाली काँग्रेसले जस्तै सिद्धान्त अपनाउने पार्टी वन्न हिचकिचाउदै यो आँटिलो र खुलस्त भएर प्रजातान्त्रिक समाजवादी पार्टीमा रूपान्तरित पनि हुन सकिरहेको छैन । त्यति मात्र होइन, यो पार्टी "प्रजातान्त्रिक समाजवाद"का संभावित जनपक्षीय अजेण्डाहरू (जस्तो कि-सामन्तवादको विरोध गर्ने, राष्ट्रिय पुँजी बढाउने र व्यवसायहरूको वृद्धिमार्फत् जनपुँजीको विकास गर्ने, दलाल र आसेपासे पुँजीवादको विरोध गर्ने, पर्यावरण रक्षाका कार्यहरू गर्ने, पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ, खानेपानी, सामाजिक सुरक्षा आदिमा राज्यको दायित्व बढाउने, विस्तारवाद, साम्राज्यवाद तथा नवउपनिवेशवादको विरोध गर्ने, विविध विभेदहरू तथा असमानताहरूको उन्मूलन गर्ने, राष्ट्रिय हित, स्वतन्त्रता, सार्वभौमसत्ता तथा अखण्डताको रक्षा गर्ने, आदि) को कार्यान्वयनलाई समेत उपेक्षा गर्दै नवउदारवादी पुँजीवाद तथा दलाल पुँजीवादको पक्षपोषण गरिरहेको छ ।

यस्तो अवस्थामा नेकपा (नेकपा) कम्युनिष्ट पार्टीको नाम र मार्क्सवादको दुरूपयोग र भ्रष्टिकरण गर्न अभिशप्त छ । यसको अगाडि तीनवटा विकल्प छन् : (i) आत्मसमीक्षा गर्ने, नेपालका तथा नेपाली समाज परिवर्तनका विशिष्टताहरू पहिचान गर्ने, तिनीहरूसँग मेलखाने गरी नेपाल चिन्तनको विकास गर्दै नेपालको सामाजिक परिवर्तनमा मार्क्सवादको सृजनात्मक प्रयोग गर्ने, नेकपा (नेकपा) लाई स्थानीयकृत मार्क्सवाद लागू गर्ने एक देशभक्त परिवर्तनवादी पार्टीमा रूपान्तरित गर्ने र निर्वाचन घोषणापत्रलाई लागु गर्ने । (ii) आँटिलो भएर सार्वजनिक र संस्थागत रूपमा पार्टीलाई देशभक्त "प्रजातान्त्रिक समाजवादी" वाम-पार्टीमा रूपान्तरित गर्ने र तद्नुरूप माथि उल्लेख गरिएका काम गर्ने, वा (iii) उपरोक्त दुवै काम नगरी कम्युनिष्ट पार्टी र मार्क्सवादको भ्रष्टीकरण र नवउदारवादी पुँजीवाद तथा दलाल पुँजीवादको सेवा गर्ने काममा लागिरहन्छ भने नेकपा (नेकपा) ले आफ्नो पराभवको ढोका खोल्नेछ । यस रचनामा चर्चा गरिएका अजेण्डा र नीति अपनाउदै देशभक्त प्रगतिशील लोकतान्त्रिक शक्ति सकृयताका साथ जनतालाई राजनैतिक संघर्षमा उतार्दै अघि बढ्छ भने भविष्यमा त्यो नेकपा (नेकपा) लाई विस्थापित गर्दै देशको नेतृत्वदायी शक्ति वन्न सक्नेछ ।

यस्तो शासक पार्टीबाट नेपाली राष्ट्र र जनताको सुरक्षा र समृद्धिको निम्ति कति आशा गर्न सकिन्छ ?

**५. राजनीतिक परिवर्तन भए, तर किन अपेक्षित आर्थिक विकास भएन ?**

देशको सामाजिक विकासलाई चौतर्फीरूपमा अघि बढाउने र राष्ट्रिय हित, स्वतन्त्रता, सार्वभौमसत्ता र भौगोलिक अखण्डतालाई सुरक्षित राख्ने संघर्षलाई सही मार्गदर्शन गर्नको निम्ति सम्बन्धित देशका र त्यसको सामाजिक परिवर्तनको प्रकृयामा रहेका विशेषताहरूको पहिचान गर्नु प्राथमिक शर्त हो । उपरोक्त उद्धेश्यहरूको प्राप्तिको निम्ति नेपाली जनताले गरेका संघर्षहरू र नेपाली वौद्धिक समुदायको अध्ययन-विश्लेषणबाट प्राप्त सूचना तथा ज्ञानको आधारमा नेपालका मूल विशेषताहरूलाई निम्नप्रकार उल्लेख गर्न सकिन्छ :

(i) पछिल्लो एकीकरण (सन् १७६८) पश्चात् आजसम्म पनि नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता एवम् भूअखण्डताका अघि खतरा विद्यमान रहिरहेको छ, (ii) सम्वेदनशील भूराजनीतिक स्थिति, जुन वर्तमान विश्व परिवेशमा झन संवेदनशील बनिरहेको छ, (iii) देश भूपरिवेष्ठित, विशेषतः भारतआश्रित अवस्थामा रहेको छ, र (iv) समाज वहु विविधतायुक्त रहेको छ, आदि । नेपाली समाजका यस्ता विशेषताहरू, त्यसमध्ये पनि संवेदनशील भूराजनीतिक स्थितिले नेपाली समाजको परिवर्तनको प्रकृयालाई निर्णायक रूपमै प्रभावित पारेको छ । नेपालको सामाजिक परिवर्तनको प्रकृयाको विशिष्टता पटक-पटक प्रगतिशील राजनीतिक परिवर्तन हुने तर अनुकुल राष्ट्रिय र अझ विशेष गरी अनुकुल अन्तर्राष्ट्रिय परिवेशमा मात्र नेपालमा बलपूर्वक आमूल सामाजिक परिवर्तन (अर्थात् सामाजिक क्रान्ति र जनसत्ताको स्थापना) हुन सक्ने रहेको छ ।

उपरोक्त विशिष्टताहरूलाई पहिचान गर्न र तद्नुरूप नीति बनाउन नसक्ता निम्न समाजमा निम्न दुष्परिणामहरू देखिएका छन्: नेपालको राष्ट्रिय राजनीतिमा धेरै भ्रान्त धारणा र विकृतिहरू भित्रिएका छन्; पटक पटकका प्रगतिशील राजनीतिक परिवर्तनहरूसँगै हानीकारक वाह्य प्रभाव र हस्तक्षेपहरू पनि भित्रिएका छन्; राजनीतिक परिवर्तन पछिको अवस्थामा त्यस्ता वाह्य प्रभाव र हस्तक्षेपहरू अनि आन्तरिक राजनीतिक अवरोधहरू विरुद्धका बाध्यकारी संघर्षमै परिवर्तनकारीहरूको ठूलो पङ्तिको र जनताको समय र उर्जा खर्चिन पुगेको छ; एकांङ्गी दृष्टिकोण, भ्रम, अपरिपक्वता र अज्ञानले गर्दा पटक पटक हुनसक्ने राजनीतिक परिवर्तनको सीमालाई स्वीकार्दै राजनीतिक परिवर्तनलाई सहयोग गर्ने आडमा आउने वाह्य हस्तक्षेपलाई पन्छाउने कार्य हुन सकेन र वाह्य शक्तिहरूको प्रभावकारी कृयाशीलतामा भएको राजनीतिक परिवर्तन पछि योजनावद्ध ढंगले निर्माण-कार्यमा लाग्न संभव भएन, आदि ।

यस्तो स्थितिमा सन् १९५०-५१ मा भएको राणाशाही बिरोधी, सन् १९९० मा भएको निर्दलीय निरंकुश ब्यवस्था बिरोधी र सन् २००६ मा भएको राजतन्त्र-बिरोधी राजनीतिक परिवर्तनहरूको क्रममा र परिवर्तन पछिको अवस्थामा माथि उल्लेखित प्रबृत्तिहरू लगभग उस्तै ढंगले प्रदर्शित भएका छन् ।

सन् १९५०-५१ को राजनीतिक परिवर्तन पश्चात् राजनीतिक दलहरू तथा जागरुक समुदायहरू आफ्नो अनुभवहीनता, व्यापक भारतीय हस्तक्षेप बिरोधी संघर्ष, तत्कालिन राजाहरूको महत्वाकांक्षा बिरोधी संघर्ष, राजनीतिक भ्रमहरू बीचको विवाद आदिमा यति फँस्नपुगे कि उनीहरूले वस्तुस्थितिको मागअनुसार आर्थिक निर्माणको कार्यलाई सचेतन र योजनावद्धढंगले अघि बढाउन सकेनन् ।

क्रमशः ८ पेजमा

## आज...

राणाको नाम प्रस्तावित भएको छ । चोलेन्द्रविरुद्ध पनि नौवटा उजुरी संसदीय सुनुवाई विशेष समितिमा परेका छन् । उनीमाथि परेका उजुरीका बारेमा छलफल गर्न राणालाई शुक्रबार दिउँसो तीन बजे संसदीय सुनुवाई विशेष समितिले समय तोकेको छ । प्रधानन्यायाधीशमा सिफारिस भएका गोपाल पराजुली संसदीय सुनुवाई समितिदेखि फालिएपछि संसदीय सुनुवाई समिति केवल औपचारिकताका लागि मात्र होइन भन्ने प्रमाणित भइसकेको छ । गत मंसिर २७ गते बसेको संवैधानिक परिषद् बैठकले सर्वोच्चका वरिष्ठ न्यायाधीश राणालाई प्रधानन्यायाधीशको लागि नियुक्तिको सिफारिस गरेको थियो । राणामाथि भ्रष्टाचारसम्बन्धी मुद्दाका धेरै अभियुक्तलाई सफाइ दिएको आरोप पनि लाग्दै आएको छ ।

## अमेरिकी...

परराष्ट्रमन्त्री ज्ञवालीसँगको संवादमा अमेरिकी विदेशमन्त्री माइकल रिचर्ड पोम्पेओले स्वतन्त्र खुला र 'इन्डोप्यासिफिक' क्षेत्रमा नेपालको केन्द्रीय भूमिका रहने बताएका थिए । अमेरिकी विदेश मन्त्रालयका सहायक प्रवक्ता रोबर्ट पालडिनोको विज्ञप्तिमा उत्तर कोरिया लगायत अन्तर्राष्ट्रिय मामिलामा पनि कुराकानी भएको उल्लेख छ । परराष्ट्र मन्त्री ज्ञवाली सहभागी रात्रिभोजमा अमेरिकी प्रिन्सिपल डेपुटी सहायक मन्त्री एलिस जी वेल्सले नेपालको विशिष्ट स्थान रहेको भनाइ राखेकी थिइन् । तर भेटवार्ताबारे अमेरिकामा अवस्थित नेपाली दुतावासले जारी गरेको विज्ञप्तिमा इन्डोप्यासिफिक क्षेत्रमा नेपालको भूमिकाबारे अमेरिकी वक्तव्य र उत्तर कोरिया लगायत अन्तर्राष्ट्रिय विषयमा नेपालको धारणा उल्लेख छैन । नेपाल र अमेरिका बीचको द्विपक्षीय सम्झौता तथा सहकार्यका विविध आयाममा छलफल भयो । परराष्ट्र मन्त्री ज्ञवालीले नेपाल सरकारका प्राथमिकतामाथि प्रकाश पार्नुभयो । सो अवसरमा उच्चस्तरीय भ्रमणहरुको आदानप्रदानको माध्यमबाट राजनीतिक सम्बन्धलाई बढावा दिने तथा व्यापार, लगानी र विकास सहायता जस्ता आर्थिक सहयोगका क्षेत्र अभिवृद्धि गर्ने विषयमा विचारको आदानप्रदान भयो' नेपालको विज्ञप्तिमा उल्लेख छ ।

अमेरिकी राष्ट्रपति ट्रम्पले नेपाललाई 'निप्पल' र भुटानलाई 'बटन' भनेर होच्याएको धेरै समय बितेको छैन । नेपाल छुट्टै स्वतन्त्र देश नभएर भारतकै भूभाग हो भन्ने उनको ठम्याई एसियाको नक्सा हेरेपछि मात्र गलत भएको बताइन्छ । अमेरिकाले नेपाललाई भारतको आँखाबाट हेर्ने गरेको बताउँदै आएको थियो । अमेरिका र तत्कालीन सोभियत संघबीच शीतयुद्ध (कोल्डवार) सकिएको तीन दशकपछि विश्व पुनः दुई ध्रुवमा विभाजित भएको छ । पहिलेको सोभियत संघको स्थान चीनले लिन खोज्दैछ । भारत रणनीतिक रुपमा अमेरिका ध्रुवमा उभिउ पनि चीनसँग व्यापारिक साझेदारीमा सिमानाका विषयमा चीनसँग उत्पन्न कटुतालाई अन्त्य गर्न सघन संवादमा छ । चीन र भारतमा नरेन्द्र मोदीको उदयसँग अमेरिका प्रसन्न थिएन । गत अक्टोबरमा रुससँग मिसाइल प्रणालीमा हस्ताक्षर गरेपछि अमेरिका भारतसँग असन्तुष्ट छ । भारतीय सरकारले २६ जनवरीमा मनाउने गणतन्त्र दिवसको अवसरमा अमेरिकी राष्ट्रपति ट्रम्पलाई प्रमुख अतिथि बनिदिन आग्रह गरे पनि व्यस्तताको कारण देखाउँदै ह्वाइट हाउसले अस्वीकार गरेको छ । ५ अर्ब डलर बराबरको एस ४०० मिसाइल खरिदमा सम्झौता गरेको थियो । यसअघि भारतले सन् २०१८ को जुलाईमा अमेरिकी कम्पनी बोइङ र अमेरिका सरकारसँग ३ अर्ब डलर बराबरको सम्झौता गरेको थियो । रुसी राष्ट्रपति भ्यादिमिर पुटिनले सन् २०१८ को अक्टोबरमा नयाँदिल्ली भ्रमणमा हतियार खरिद सम्झौता भएपछि अमेरिका झस्किएको छ ।

आर्थिक रुपमा शक्ति विस्तार गर्दै लगेको चीन अमेरिकाको प्रमुख प्रतिस्पर्धी हो । चीनसँग भारतको सुध्रिएको सम्बन्ध अमेरिकाका लागि अर्को चुनौती बनेको छ । भारतले अमेरिकाको रणनीतिक स्वार्थ विपरीत सम्बन्ध विस्तार गरेकाले अमेरिका नयाँ रणनीति तयार गर्न बाध्य देखिएको छ । दक्षिण एसियामा पाकिस्तानमा अमेरिकी प्रभाव कमजोर भएको छ । चीनले एसिया प्यासिफिक क्षेत्रमा मात्र नभई अफ्रिकासम्म प्रभाव विस्तार गर्दै लगेको छ । मध्यपूर्व र युरोपमा रुसको प्रभाव बढ्दो छ । भारतमा रहेको रुसी प्रभाव समेत पुनर्जीवित भएको अवस्था छ । बलिया देशहरुबीचको रणनीतिक संघर्षमा नेपाल तटस्थ बस्नुपर्नेमा अमेरिकी सामरिक रणनीतिमा सहभागी हुनु विडम्बनापूर्ण छ । विश्वको महाशक्ति राष्ट्र बन्ने महत्वाकांक्षी योजनाका साथ अघि बढिरहेको चीन र विश्वमा उदाउँदो अर्थतन्त्र भारतको अवस्थिति भूपरिवेष्ठित मुलुक नेपालको केन्द्रीय भूमिका अमेरिकाले खोज्नु चीनलाई घेर्ने र कमजोर बनाउने रणनीति नै हो । सन् १९७१ म स्युचाटारमा हेलिप्याड बनाएर खम्पा विद्रोहीलाई हतियार झारेर सहयोग पुऱ्याएको स्मरणीय छ । कम्युनिस्टहरुप्रति सदा अनुदार रहने अमेकिरले सत्तारुढ नेकपाप्रति उदार हुनु उसको सामरिक र आर्थिक स्वार्थ रहेको छ । नेपालले चिनियाँ महत्वाकांक्षी परियोजनामा बीआरआईमा सहभागिता जनाएर पनि चीन विरुद्धको अमेरिकी क्षेत्रीय सामरिक रणनीतिमा सामेल हुनु नेपालको पञ्चशीलमा आधारित असंलग्न परराष्ट्र नीतिकै बर्खिलापमा छ । अमेरिकी रणनीतिक स्वार्थको नेपाल खेलौना हुनु अत्यन्त खतरनाक छ ।

## चोरलाई...

घूसखोर कर्मचारीको दबाबमा सरकारले मेरो सरुवा गरेको हो ।' भनेका छन् । निजामती कर्मचारी ऐन २०४९ र नियमावली २०५० अनुसार कुनै पनि कर्मचारीलाई उचित कारणबिना दुई वर्ष नपुगी सरुवा गर्न पाइँदैन तर अढाई महिनामै सञ्जेलको सरुवा गरिएको छ । उनले अन्याय विरुद्ध लड्दा ज्यानै गए पनि पछाडि नफर्कने अठोट गरेका छन् ।

श्रम कार्यालयमा चाँडै वैदेशिक रोजगारको श्रम स्वीकृतिसम्बन्धी कार्य आउने भएपछि घूसखोरहरुले आफू बस्दा खान नपाउने भएपछि सरुवा गराएको अर्को कारण सञ्जेल बताउँछन् । सञ्जेलले क्षेत्रीय निर्वाचन कार्यालय विराटनगरमा भएका बेला गुणस्तरहीन भवन निर्माण गरेको ठेकेदारलाई एक करोडभन्दा बढी रुपैयाँ भुक्तानी नदिएका कारण उनको ठेकेदारले काज सरुवा गराएका थिए । पछि सञ्जेलले अदालतमा रिट हालेर सरुवा रोके । यसैबीच इमानदार कर्मचारी सञ्जेलको कानुन विपरीत गरिएको सरुवाको विरुद्धमा इटहरीमा भ्रष्टाचार विरोधी युवाहरुले प्रदर्शन गरेका छन् ।

## ढालियो...

सम्मान गर्न योग्य नभएको भनेका छन् । गान्धी काला जातिभन्दा आर्य जातिलाई विशिष्ट ठान्थे । भारतीय आर्य जातिभन्दा भारतमा शासन गर्ने ब्रिटिस गोराहरुलाई उनी उपल्लो जाति स्वीकार्थे । दक्षिण अफ्रिकी अनुसन्धानकर्ताहरुले यस्तो तथ्य उजागर गर्दै गान्धीलाई विवादमा घचेटिदिएका छन् ।

दक्षिण अफ्रिकाका रंगभेद विरोधी नेता नेल्सन मण्डेला गान्धीलाई आफ्नो आदर्श ठान्थे । उनले भनेका पनि थिए- भारतबाट दक्षिण अफ्रिकाका मोहनदास करमचन्द गान्धी आएका थिए हामीले महात्मा गान्धी बनाएर पठाइदियौं । तर दक्षिण अफ्रिकामै गान्धीको नाम आदर्श नामका रुपमा नभएर मिश्रित घृणाका रुपमा लिन थालिएको छ । त्रिपुराराज्य विधानसभा चुनाव जित्दा भारतीय जनता पार्टीले लेनिनको सालिक ढालेर उत्सव मनाएको थियो । घानामा गान्धीको सालिक ढालिएपछि भने भाजपा नेताहरु प्रतिक्रियाविहीन देखिएका छन् । भारत स्वतन्त्र गराउन, हिन्दु मुस्लिम दंगा रोक्न गान्धीले खेलेको भूमिकालाई न्यूनीकरण गर्न नसकिएला तर उनी विवादरहित महात्मा होइनन् भन्ने पुष्टि हुँदैछ ।

## हिरो...

विश्व प्रसिद्ध सुपरहिट फिल्मका हिरो डिकाप्रियो लामो समयदेखि जलवायु परिवर्तनलाई लिएर आफ्नो फाउन्डेसनबाट काम गरिरहेका छन् । जलवायु परिवर्तनकै लागि उनले साढे ११ सय करोड दान दिएका छन् । उनले भनेका छन्- जलवायु परिवर्तन र त्यसको प्रभावबाट मानिस तथा जीवजन्तुलाई बचाउने काममा लाग्न पाउँदा म आफूलाई भाग्यशाली मान्छु । उनी बाघ संरक्षण अभियानमा पनि सक्रिय छन् ।

## सम्झौता...

योजना बनाएको छ । सम्झौतापश्चात प्रथम किस्ता स्वरुप रु. एक लाखको चेक प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र ढकालले समितिका अध्यक्ष रामचन्द्रप्रसाद गुप्तालाई हस्तान्तरण गर्नुभयो । यस आयोजनाका लागि प्रतिष्ठानबाट भएको सहयोग नेकपा (माले) प्रदेश २ नम्बर कमिटीको सिफारिसमा भएको थियो ।

## हाम्रै हुँ...

इस्लाम मुलुक अफगानिस्तान अर्कातिर राखेर त्यो देशको आफ्नै योग्यता पनि के रहेछ हेर्नैपर्छ । जापानको विश्व युद्धमा संलग्नता थियो अब त्यो नरहनाले हो भन्नु एक किसिमबाट ठिकै हो । अफगानिस्तान आदि को नि ? उसैको योग्यता पनि हेर्नैपर्छ । नेपालको अवस्था अझ अर्कै छ । नेपाल भारत स्वतन्त्र भएपछि झन् पेलिएको छ । नेपालले पाएकै र पाउनैपर्ने आफ्नै टिस्टा काँगडा भारतमा मिसिन गए भन्नु झन् गलत हो । यही कुरामा समग्र श्रेय श्री ५ महेन्द्रलाई दिनैपर्छ । तर त्यस कुरामा चीनले आफ्नै तिब्बततर्फ फुकी फुकी पाइला चाल्नु कम घातक भएन । उसका थोरै सेना त परापूर्वमै तिब्बतमै थिए । त्यसबखत चीन आफैं उद्योगमा फड्को मार्दै थियो । अहिले भारतमार्फत व्यापार गर्न चीन हत्तै हालिरहेछ । भर्खरै केपी ओली चीन जाँदा त्यहीँ भारत पनि हुनुपर्ने संकेत पाए । परिणाम छिमेकी नेपालले युगअनुसार चाहिने समुद्री आवागमनमा रहेको प्रतिबन्ध खुलाउन पाएको छैन । कम्युनिस्टकै धेरै नेता यो कुरामा चुकेकै छन् । कांग्रेसको त शिक्षा क्षेत्र नै भारतमै भयो । यसै कारण सर्बप्रथम नेपालले उत्तर तथा दक्षिण दुवैतिर एकै खाले तर नियन्त्रित आफ्नो सीमा राख्नु नै अनिवार्य छ । यो माग रहिरहनेछ । यस्तो नगरेसम्म नेपालको हित किमार्थ छैन ।

# चामल आयात घटेन

काठमाडौं । यस वर्ष नेपालमा धान उत्पादन बढेको छ । कृषि तथा पशुपछी विकास मन्त्रालयका अनुसार यो वर्ष सबैभन्दा बढी ५६ लाख १० हजार मेट्रिक टन धान उत्पादन भएको छ । यो गत आर्थिक वर्षको तुलनामा साढे चार लाख मेट्रिक टनभन्दा बढी हो । मन्त्रालयले सार्वजनिक गरेको तथ्यांक अनुसार यो वर्ष धानको उत्पादन वृद्धि दर ८.८९ प्रतिशत छ । गत आव २०७४।७५ मा ५१ लख ५१ हजार मेट्रिक टन धान उत्पादन भएको थियो । यो वर्ष ४ लाख ५८ हजार मेट्रिक टन बढी धान उत्पादन भएको छ । यो वर्ष अघिल्लोको तुलनामा २० हजार हेक्टरभन्दा बढी क्षेत्रफलमा धान उत्पादन भएको छ ।

धान उत्पादन बढे पनि चामल आयातमा भने केमी आएको छैन । राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्ष ०७५।७६ को पहिलो चार महिनामा ९ अर्ब ३५ करोडको चामल आयात भएको छ । अघिल्लो आवको सोही अवधिमा ६ अर्ब ८९ करोडको चामल आयात भएको छ । खासगरी सहरी क्षेत्रका मानिसहरुले मसिनो र वास्नादार चामलको उपभोग बढाएकाले आयात बढ्दै गएको हो । नेपाल कृषि प्रधान देश भएर पनि चामलमा आत्मनिर्भर हुन सकेको छैन ।

# जापानमा रोजगार

काठमाडौं । वैदेशिक रोजगारीको आकर्षक गन्तव्यका रुपमा चिनिएको विश्वको तेस्रो ठूलो अर्थतन्त्र भएको एसियाली मुलुक जापानले अब नेपाली कामदारहरुका लागि अवसरको बाटो खुला गरिदिएको छ । २५ डिसेम्बरमा बसेको जापानको मन्त्रीपरिषद्को बैठकले सन् २०१९ को अप्रिलदेखि नेपाललगायत नौ मुलुकबाट कामदार लैजाने नीतिलाई औपचारिक रुपमा पारित गरेको छ ।

विदेशी कामदारलाई जापान लाने र सहज किसिमले काम गर्ने वातावरण मिलाउने गरी जापान सरकारले केही साताअघि मात्रै अध्यागमन कानुन संशोधन गरेको थियो । जापानले विदेशी कामदारको सहजताका लागि मुलुकभर ११ वटा भाषामा १ सय वटा सहायता केन्द्र स्थापना गर्ने तयारी गरेको छ ।

## नयाँ नेपाल...

सन् १९९० को राजनीतिक परिवर्तन पश्चात् मूलतः त्यस परिवर्तनलाई न्यून मूल्याङ्कन गर्ने तत्कालिन नेकपा (एमाले) का कारण परिवर्तन पश्चात् आर्थिक निर्माणको कार्य सचेतन र योजनावद्ध ढंगले अघि बढाउने परिवेश बन्न सकेन । नेपाली काँग्रेसले त्यसवेला अपनाएको सर्वसत्तावाद र पुँजीवादी उदारतावाद पनि त्यसको निम्ति उत्तिकै बाधक वनेको थियो ।

सन् २००६ को परिवर्तन र विशेष गरी सेप्टेम्वर २०१५ मा संविधान सभाबाट संविधान जारी गरिए पश्चात्, अझ विशेष गरी २०१७ को ऐतिहासिक निर्वाचन पश्चात् वलियो र प्रभावशाली नेकपा (नेकपा) मा विद्यमान अवसरबाद, अस्थीरता र गलत नीतिहरूले गर्दा वस्तुस्थिति अनुसार गरिनुपर्ने आर्थिक निर्माणको कार्य दिशाहीन भइरहेको छ ।

इतिहासबाट शिक्षा लिदै र नेकपा (नेकपा) मा विद्यमान अवसरबाद, अस्थीरता र गलत नीतिहरूलाई चिर्दै देशको प्रगतिशील राजनीतिक, सामाजिक, आर्थिक निर्माण कार्यलाई अघि बढाउनु अहिलेको महत्वपूर्ण कार्यभार हो ।

६. नेपालमा अनिश्चितता र अस्थीरताका तत्वहरू विद्यमान छन्

पछौटेपन, अविकास, परनिर्भरता र कुण्ठित आन्तरिक एवम् वाह्य पारवहन सुविधाले विस्तारवादी र साम्राज्यवादी शक्तिहरूका चलखेललाई अनुकुलता प्रदान गर्छन् । त्यसैले त्यस्ता शक्तिहरूले विशेषतः विस्तारवादी छिमेकीले नेपालमा विद्यमान उपरोक्त तत्वहरूलाई कायम राखिरहने रणनीति लिएको छ । यसमाथि यस छिमेकीले व्रिटिश औपनिवेशिक कालदेखि नेपाललाई आफ्नो प्रभाव र पकडमा राख्ने रणनीति लिएको थियो । १९४७ को स्वतन्त्रता पश्चात् यसले आफ्नो अवस्था र आवश्यकता हेरी नेपाल बिरुद्ध नियन्त्रित अस्थिरता सृजना गर्नेदेखि लिएर सरकार वा सत्ता परिवर्तन गर्ने, नियन्त्रण गर्ने, बिभाजन गर्ने वा विलयसम्म गर्ने मध्ये कुनै पनि रणनीति अपनाउन सक्ने संभावना रहेको छ । यस सन्दर्भमा केही विज्ञहरूका बिचारहरूलाई यहाँ उद्धृत गर्नु नेपालप्रतिको भारतीय रणनीतिलाई बुझ्न हुन सहयोगी हुनेछ ।

एकजना अमेरिकी विज्ञ श्री लियो इ.रोजले नेपालमा चर्चित **Nepal : Startegy for Survival** (नेपाल: अस्तित्व रक्षाको रणनीति) नामक १९७० मा प्रकाशित भएको आफ्नो पुस्तकमा लेख्नु भएको छ :

"भविष्यमा कुनै भारतीय सरकार नयाँ दिल्लीलाई उकुच जस्तो भइरहेको नेपालको समस्याको सहजतम् समाधान भारतीय शासकहरूको निम्ति बढी भरपर्दो हुने तत्वहरूद्वारा नेपालमा विद्यमान राजनीतिक सत्ताधारीहरूलाई विस्थापित गर्ने उपायद्वारा हुनसक्छ भन्ने निष्कर्षमा पुग्न सक्तछ । कालान्तरमा त्यस्तो कार्य प्रत्युत्पादक हुनसक्ने संभावना रहेकोले निम्न विविध उपायहरूद्वारा सापेक्षित सहजताका साथ यस (निष्कर्श) लाई लागु गर्न सकिनेछ : भारतीय सेनाद्वारा प्रत्यक्ष हस्तक्षेप गरेर; भारतीय सेनामा रहेका गोर्खा टुकडीहरू अथवा भारतमा बसोबास गर्ने भूतपूर्व (गोर्खा) सैनिकहरू मार्फत् परोक्षजस्तो लाग्ने हस्तक्षेप गरेर; कुनै नेपाली क्रान्तिकारी आन्दोलनको समर्थन मार्फत् परोक्ष हस्तक्षेप गरेर; अथवा पूर्ण आर्थिक नाकावन्दी लादेर ।"[३]

रोजले १९७० मै अनुमान गर्नु भएको काठमाण्डूको सत्ता परिवर्तन गर्ने विभिन्न सहज उपायहरू मध्येबाट भारतले "क्रान्तिकारी आन्दोलनको समर्थन मार्फत् परोक्ष हस्तक्षेप गर्ने" उपाय अपनायो र सफल पनि भयो । काठमाण्डू सत्ताको बिरोधमा सशस्त्र माओवादी आन्दोलनले तीव्र विस्तार गर्ने र भारत सरकारको मध्यस्थतामा त्यसले शान्तिमा सफल अवतरण गर्ने घटनाबाट यस कुराको पुष्टि भएको छ । सेप्टेम्वर २०१५ मा संविधानसभाले नयाँ लोकतान्त्रिक संविधान जारी गरिसके पछि भारतले आफूले चाहे अनुसार जारी भइसकेको नेपालको समावेशी लोकतान्त्रिक नयाँ संविधानमा संशोधन गराउनको निम्ति अपनाएको "आर्थिक नाकावन्दी" गर्ने अर्को "सहज माध्यम"लाई चाहि नेपालले सफलतापूर्वक असफल बनायो ।

विदेशी मुलुकहरूमा जासुशी कार्य गर्ने भारतीय संस्था Research and Analysis wing (R&AW) 'रअ'का पूर्व अफिसर श्री आर.के.यादवले २०१४ सन्मा प्रकाशित गरेको **"Mission R&AW"** ('मिसन र'अ) नामक पुस्तकमा त्यसबेला 'रअ'का प्रमुख रहेका आर.एन.काओसँग परामर्श गरेको हवाला दिदै निम्न लेखेका छन् :

"सिक्किमको विलयपछि नेपालको तराईमा चीनको उपस्थिति बढ्दै गइरहेको र त्यो भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीलाई असह्य बनेकोले त्यसलाई टुक्र्याउने योजना बनाएको काओले मलाई बताएका थिए । उनले माओवादीहरूबाट भारतको टाउको दुखाइ हुने पूर्वानुमान १९७५ मै गरिसकेका थिए, जुन आज भारतको निम्ति गंभीर सुरक्षा-खतरा बनिसकेको छ । यस्तो हुँदाहुँदै पनि, भारतीय सङ्घमा सिक्किम-विलयको तत्कालपछि जून, १९७५ मा इन्दिरा गान्धीले भारतमा आपतकालीन स्थिति घोषणा गरेपश्चात् उत्पन्न राजनीतिक उथलपुथलले गर्दा नेपालको तराईलाई विलय गर्ने कार्य अवरुद्ध भयो । उनले अधिकांश विपक्षी नेताहरूलाई गिरफ्तार गरिन् र आन्तरिक राजनीतिक ववण्डरले उनलाई यस क्षेत्रका अन्य वाह्य योजना बनाउन बाधा दियो । १९७७ सन्को निर्वाचनमा दुर्भाग्यवस इन्दिरा गान्धी पराजित भइन् र उनको पार्टी सत्तामा आउन सकेन, र काओको तराई विलय गर्ने कार्वाही र अरु जिम्मेवारीहरू साकार हुन सकेनन् ।"[४]

लियो इ.रोजले अनुमान गरेको भन्दा केही भिन्न ढंगको (नेपालको तराई/मधेश क्षेत्रलाई पहाडबाट पहिले अलग्याउने र पछि गाभ्ने) नेपाल-रणनीति इन्दिरा गान्धीले लिएकोबारे आर.के.यादवले माथि उल्लेख गरेकाछन् । इन्दिरा गान्धीले आफ्नो रणनीति लागु गर्न नसके पनि उनी पछिका भारतीय शासकहरूले उनकै रणनीतिलाई पछ्याएका छन् । यस खेलको आंशिक मात्र सफलता (संविधानसभाबाट जारी गरिएको नयाँ संविधान) बाट भारतीय शासकहरू सन्तुष्ट वनेका छैनन् र नै दवावको निम्ति नेपाल बिरुद्ध आर्थिक नाकावन्दी थोपरियो । त्यसको असफलता पश्चात् पनि अस्थीरताको अर्को खेलको तयारी भित्रीरूपमा भइरहेको आभास हुन्छ । यसको पुष्टि हुने गरी अन्तर्राष्ट्रिय सम्वन्धका एकजना भारतीय विश्लेषक श्री अखिलेश पिल्लालामरीले सेप्टेम्वर २५, २०१५ मा जापानबाट प्रकाशित हुने "The Diplomat" नामक पत्रिकामा लेखेको निम्न कुरा गौर गरिनयोग्य छ :

"कुनै समाधान प्राप्त हुन नसके नेपालमा १९७१ को घटना पनि दोहोरिन सक्छ । यो नेपालबाट तराईलाई अलग गर्ने र यसलाई भारतसँग मिसाउने कामसम्म पुग्न सक्छ । यो भारतको निम्ति कुनै पनि हालतमा हानीकारक कार्य हुनेछैन, किनभने यसले भारतको सीमानालाई अझ उत्तर र आफ्नो केन्द्र भागबाट अझ टाढा पुऱ्याएर भारतको भौगोलिक असुरक्षालाई निवारण गर्दछ । यस्तो घटनाविकास भएको खण्डमा त्यसले उत्तरपूर्वी भारतलाई बाँकी मुलुकसँग जेड्ने साँघुरो सिलिगुडी करेसोलाई पनि फराकिलो बनाउने छ ।"

नेपाल सम्बन्धी भारतीय विस्तारवादी शासकहरूका माथि उद्धृत रणनीतिहरू नै यसको राजनीतिक अनिश्चितता एवम् अस्थिरता निम्तिका प्राथमिक श्रोत हुन् । यसमाथि विश्वस्तरको प्रतिस्पर्द्धा र द्वन्दमा संयुक्त राज्य अमेरिकाका शासक तथा तिनका सहयोगीहरू उदयीमान जनगणतन्त्र चीनलाई घेर्न र उसको प्रभाव एवम् शक्ति बृद्धिलाई रोक्न नेपाललाई "तिब्बत स्वतन्त्र बनाउने" आफ्नो रणनीति अनुसार नचाउन चाहान्छन् । यस्तो संकीर्ण स्वार्थपूर्ति गर्नको निम्ति उनीहरू नेपाललाई आफ्नो प्रक्षेपणस्थल बनाउन चाहन्छन । त्यसको निम्ति उनीहरू पहिचान, समानता र समावेशीकरणको नाउमा राजनीतिक-आर्थिक र सामाजिक माध्यमहरूबाट भिन्न-भिन्न मात्रामा विगतमा बिभेदका शिकार भएका नेपालका समुदायहरूलाई उचाल्ने र धर्म परिवर्तनको माध्यमबाट राष्ट्रिय सँस्कृति र पहिचानलाई मास्ने कार्यमा लागेका छन् । यो अनिश्चितता र अस्थिरताको दोस्रो श्रोत हो । नेपालमा तिनको रणनीति अनुसार काम गर्ने व्यक्ति र समूहको कमी छैन, बरु तिनको संख्या बढिरहेको छ । यिनीहरू अनिश्चितता र अस्थीरताको तेश्रो स्रोत बनेकाछन् । यस्तो राजनीतिक परिवेश नेपालको चातुर्दिक विकासको निम्ति सवभन्दा ठूलो चुनौती र बाधक बनेकोछ ।

### ७. उपसंहार

यस अघि हामीले नेपाल-केन्द्रित भएर महत्वपूर्ण बिषयहरूबारे संक्षेपमा चर्चा गऱ्यौं । अव हामीले एशिया र बाँकी विश्वमा नयाँ नेपालको स्थान र भूमिकाबारे संक्षेपमा चर्चा गर्दै यस रचनालाई टुङ्ग्याउने छौं ।

७.१. विश्व शान्तिको निम्ति नेपालको भूमिका अत्यन्त संवेदनशील र महत्वपूर्ण छ । यो यसकारणले मात्र होइन कि शान्तिका प्रतिक सिद्धार्थ गौतम (५६३-४८३ बी.सी) नेपालमा जन्मेका थिए र उनले यहींकै जनजीवनबारे अध्ययन र चिन्तन-मनन गरी बुद्धत्व प्राप्तिको मार्गमा कदम बढाएका थिए । यो धेरै अर्थमा यसकारणले चाहि हो कि नेपालको भौगोलिक अवस्थिति अत्यन्त संवेदनशील, प्रभावोत्पादक, महत्वपूर्ण र रणनैतिक भूगोलमा रहेको छ । विगत कालदेखि नै यसको भूराजनैतिक महत्व धेरै रहेको छ । त्यसमाथि शितयुद्धको अन्त्य पछि पुरानो विश्व-ब्यवस्थामा छिट्छिटो हुन थालेको परिवर्तन र विशेष गरी, नेपालको उत्तरी छिमेकी देश-जनवादी गणतन्त्र चीनको विश्वलाई नै चकित पार्ने उदय पछि नेपालको भूराजनीतिक महत्व बढ्नुको साथै त्यो झन सम्वेदनशील र जटील समेत बन्न पुगेको छ ।

७.२. विश्वमा सवभन्दा धेरै जनसंख्या भएको जनवादी गणतन्त्र चीन आफ्नै विशेषताहरू भएको समाजवादी मुलुक हो । यो आज सम्ममा विश्वको दोस्रो ठूलो अर्थतन्त्र, छोटो समयमै चौतर्फी तरक्की गर्ने र ठूलो जनसंख्यालाई गरीवीबाट मुक्त गर्ने मुलुक र सवभन्दा धेरै विदेशी मुद्रा सञ्चिती भएको मुलुक बनिसकेको छ । र, त्यो र तेश्रो ठूलो सैनिक शक्तिका रुपमा कायम नै रहेको छ । यही गतिले समृद्धि, सभ्यता र शक्ति निर्माण गर्न पाउने हो भने त्यसले आउँदो दशकभित्रै नयाँ नयाँ रेकर्ड तोडी विश्वलाई चकित पार्दै जानेछ ।

विश्वस्तरमा चीनसँग प्रतिस्पर्द्धा गर्ने अर्को मुलुक अतिमहाशक्ति संयुक्त राज्य अमेरिका हो । तर यो साम्राज्यवादी नीति र प्रशासन भएको मुलुक हो । कोरियाली युद्ध (जून १९५०-जुलाई १९५३) मा पराजित भएपछि ओह्रालो लाग्न थालेको अमेरिकी साम्राज्यबाद अहिले धेरै विवाद, अविश्वास र अन्तरविरोधहरूबाट जेलिएको छ र, त्यो अझ तल झरिरहेको छ । अझै पनि अतिमहाशक्ति नै रहेको संयुक्त राज्य अमेरिकाको प्रशासन जनबादी गणतन्त्र चीनको प्रगतिलाई रोक्न मात्र होइन, यसलाई सोभियत सङ्घको दुर्दशामा पुऱ्याउन सम्पूर्ण शक्तिका साथ लागेको छ ।

स्मरण रहोस्, अमेरिकी प्रशासनले चीनप्रति बैरभाव पाल्नुको कारण त्यो हर क्षेत्रमा आफ्नो प्रतिद्वन्दी भएकोले मात्र नभएर, त्यसभन्दा बढी त्यो आफ्नै विशेषताहरू सहितको मार्क्सवादी समाजवादी (कम्युनिष्ट) देश भएकोले पनि हो । यो वर्गीय वैरभाव हो । त्यसकारण अमेरिकी प्रशासन आपसी मतभिन्नताहरू हुँदाहुँदै पनि भारत लगायत विश्वभरिका विविध चरित्रका साम्राज्यवादी र पुँजीवादी मुलुकहरूलाई समाजवादी चीनको बिरुद्ध गोलबन्द गरिरहेको छ । त्यसको उद्देश्य समाजवादी चीनको प्रगतिलाई रोक्नु, त्यसलाई द्वन्द/युद्धमा फसाउनु र अन्ततोगत्वा त्यसलाई छिन्नभिन्न पार्नु नै हो ।

चीनलाई द्वन्द/युद्धमा फसाउन सकिने सहज संभावना विश्वभरिका साम्राज्यवादी तथा पुँजीवादीहरूले "तिब्बतलाई स्वतन्त्र गराउने" अभियानमा देखेका छन्, जुन चीनमाथि गरिएको नाङ्गो हस्तक्षेपकारी अनुचित र अन्यायपूर्ण कार्य हो । उनीहरूले नेपाललाई प्रयोग गर्न सक्ता यो संभावना लागु गर्न सहज हुने देखेका छन् । अतः बर्तमान नयाँ नेपाल चीन बिरोधी एशियालीहरूको मात्र होइन, बिश्वभरिका चीन बिरोधीहरूको चलखेलको मैदान बनेको छ ।

७.३. नेपाललाई प्रयोग गरी "तिब्बतलाई स्वतन्त्र बनाउने" साम्राज्यवादी अभियान अघि बढ्दा चीन मात्र आक्रान्त हुने नभई एशिया र सिङ्गो विश्व नै आक्रान्त हुनेछ; द्वन्दमा फँस्नेछ । त्यसले विश्व शान्ति भङ्ग गरी ठूलो युद्धको अबस्था सृजना गर्नेछ, जसले चौतर्फी घातक विनाश ल्याउने छ । अतः त्यस्तो विश्व विनाशकारी अभियानमा नेपाललाई प्रयोग हुनबाट रोक्ने जिम्मेवारी मूलतः नेपालीहरूमाथि आएको छ । विश्वभरिका शान्तिकामी तथा न्यायप्रेमी शक्ति र जनसमुदायहरू समेत उक्त जिम्मेवारीबाट उम्किन सक्तैनन् । आजको नयाँ नेपाल आफ्नो यो भूमिका र जिम्मेवारीप्रति सजग रहेको छ ।

७.४. यस्तो स्थितिमा नेपालले असंलग्नता, पञ्चशील, भूराजनीतिक सन्तुलन र संयुक्त राष्ट्र संघको वडापत्रमा आधारित नीतिहरूलाई कडाइको साथ पालना गर्नुपर्छ; "एक चीन"को नीतिलाई मूर्त ढंगले ब्यवहारमा लागू गर्नुपर्छ र विस्तारवादीहरू तथा साम्राज्यवादीहरूका नेपाल सम्वन्धी संकीर्ण रणनीतिहरूलाई निष्प्रभावी बनाउने प्रभावकारी नीतिहरू अवलम्वन गर्नुपर्छ ।

७.५. नेपालमा देशका सवै बिचारधाराका देशभक्त शक्ति र ब्यक्तिहरूले सहकार्य गर्ने राजनीतिक वातावरण र संयन्त्र बनाइनुपर्छ । उनीहरूले 'देशका सबै राजनीतिक समस्याहरू समाधान भए, अवको काम केवल आर्थिक समृद्धि बढाउनु हो' भन्ने झुटो नाराको पछि नलागी माथि (नं. ३.३ मा) उल्लेखित नयाँ नेपालका कार्यभारहरू पुरा गर्ने संघर्ष गर्नुपर्छ ।

७.६. नेपालमा सामाजिक बजार अर्थतन्त्रको आधारमा सामाजिक पुँजीवाद र आर्थिक समृद्धिको निर्माण गरिनुपर्छ । व्यापार-पारवहनमा विविधता बढाउने, आन्तरिक उत्पादन बढाई आयात घटाउने तथा निर्यात बढाउने र राष्ट्रिय अर्थतन्त्रलाई सवल बनाउने गरी चीनिया लगायत अन्य वाह्य लगानी आमन्त्रण गरिनुपर्छ । बिभिन्न देशहरू आपसी हितको आधारमा नेपालमा लगानी गर्न/बढाउन चाहन्छन् । नेपालले यसलाई आफ्नो राष्ट्रिय स्वार्थमा सदुपयोग गर्न सक्नु पर्दछ । यस प्रकार नेपालले वर्तमान संवेदनशील र जटील अवस्थाले खडा गरेको चुनौतीलाई आफ्नो निम्ति अवसरको रूपमा परिणत गर्न सक्नेछ ।

७.७. सबै खाले देशभक्त शक्तिहरूलाई समेट्ने र माथि चर्चित नीतिहरू लागू गर्ने 'देशभक्त प्रगतिशील लोकतान्त्रिक गठवन्धन' निर्माण गरी नेपाललाई अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो भूमिका निर्वाह गर्न सक्षम बनाउँदै वर्तमान चुनौतीलाई अवसरमा रूपान्तरित गर्नु सवै देशभक्त प्रगतिशील लोकतान्त्रिक शक्तिहरूको वर्तमान साझा तर गह्रौं कार्यभार हो ।

**पादटिप्पणीहरू-**

*१. यस कार्यपत्रमा आधारित भएर महासचिव क.सी.पी.मैनालीले संयुक्त राज्य अमेरिकाको जर्ज वाशिङ्टन विश्वविद्यालयको प्रेक्षा-गृहमा 'समाजवाद र मुक्ति निम्तिको पार्टी'-PSL, त्यसको एन्सर कोलिएसन नामक गठबन्धन, जर्ज वाशिङ्गटन विश्वविद्यालयको विद्यार्थी संगठन, अन्तर्राष्ट्रिय विद्यार्थी संगठन र केही नेपाली संगठनहरूले संयुक्त रुपमा नोवेम्वर १७, २०१८ को अपरान्ह आयोजना गरेको नेपाल सम्बन्धी गोष्ठीमा अंग्रेजीमा मन्तव्य राख्नु भएको थियो । उक्त कार्यपत्रको परिमार्जित संस्करण यहाँ प्रकाशित गरिएको हो ।*

*२. राणाशाही बिरुद्ध नेपाली कांग्रेसको नेतृत्वमा नोभेम्वर १०, १९५० देखि शुरु गरिएको सशस्त्र संघर्षलाई माध्यम बनाई नेपालमा आफ्ना रणनीतिहरू लागू गर्ने उद्देश्यले भारत सरकारको मध्यस्थतामा विद्रोही नेपाली कांग्रेस, बिद्रोहीहरूप्रति समर्थन-भाव राख्ने अपदस्थ राजा त्रिभुवन र राणा सरकारका प्रतिनिधिहरू वीच गरिएको वार्ताद्वारा उपरोक्त तीन पक्ष बीच सन् १९५१ को जनवरी पहिलो हप्तामा नयाँ दिल्लीमा एउटा सम्झौता गरिएको थियो । त्यसको घोषणा नेपालका तत्कालिन राणा प्रधानमन्त्री मोहन समशेरद्वारा जनवरी ८, १९५१ मा काठमाडौंबाट गरियो । त्यसलाई पहिलो दिल्ली सम्झौता मानी नोभेम्वर २२, २००५ मा भारत सरकारको मध्यस्थतामा नयाँ दिल्लीमा सशस्त्र संघर्षरत माओवादी नेतृत्व र राजनीतिक आन्दोलनमा उत्रिएको 'सातदल गठबन्धन' वीच सम्पन्न सम्झौतालाई दोस्रो दिल्ली सम्झौता भनिएको हो ।*

*३. Nepal : Strategy for Survival, पृष्ट २९१, संयुक्त राज्य अमेरिकामा पहिलो प्रकाशन, १९७१; क्यालिफोर्निया विश्वविद्यालय छापाखाना, लस एन्जेलस तथा बर्केले/पहिलो भारतीय मुद्रण, १९७३/दक्षिणी एशिया संस्करण, मण्डला बुक प्वइन्ट, काठमाडौं, नेपाल, सन् २०१०; इमेल: books@mos.com.np/ website: www.mandalabookpoint.com*

*४. पृष्ट २६३, 'मिशन र'अ', मानस प्रकाशन, नयाँ दिल्ली-११०००२, भारत ।*